डिभिजन नं: ७२-०५५-०५६ पान नं.: ३०३१२१७७२

"समुदायको स्मार्ट दिगो वित्तिय सहकारी संस्था"

नेफ्स्कून

लक्ष्मी महिला
बचत तथा ऋण सहकारी संस्था लि.

LAXMI MAHILA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

मुख्य कार्यालय: पनौती न.पा.-५, चौकोट, काभ्रेपलाञ्चोक, फोन नं.: ०११-६६२६२८

२५ औं वर्ष रजत महोत्सव

लक्ष्मी महिला साकोस गाना



लेखक: अनिता कुईकेल

पनौती पाँच चौकोटमा लक्ष्मी साकोस हाम्रो
अरु साकोस भन्दा लक्ष्मी साकोस राम्रो ।

हजुर आमा, दिदी बहिनी, दाजुभाइ सुनौं
एक मात्र सहकारी लक्ष्मी महिला चुनौं ।
बचत गरौं सबै मिली सहकारी चाहिन्छ
सस्तो सुलभ व्याजदरमा ऋण लिन पाइन्छ ।

कमाएको थोरै रकम बचत गर्न सिकौं
आलस्यता पर्दा त्यही रकम झिकौं ।
पुउटा दियो सल्काएर लाखौं दियो बाल्छ
निति नियम कानुनमा लक्ष्मी साकोस चल्छ ।

महिला मिली खोलीएको लक्ष्मी महिला सकोस
गाउँ, शहर देशै भरी फैलिएर छाओस् ।
बचतका प्रकार सोह्र वटा नौ वटा छन् ऋणका
फरक फरक व्याजदर फरकै छन् नाम यिनका ।

कार्य क्षेत्र पनौती, बनेपा धुलिखेल
सबैलाई मिलाई राख्छौ हामी गर्ने छैनौं भेल ।
जन्म देखी मर्दा सम्म गर्छौं सबैलाई सेवा
लक्ष्मी महिला साकोस भएरनै पुगेको छ सबैलाई टेवा ।

पनौती पाँच चौकोटमा लक्ष्मी साकोस हाम्रो
अरु साकोस भन्दा लक्ष्मी साकोस राम्रो ।

www.laxmisaccos.org.np laxmisaccos@hotmail.com

सेवाकेन्द्र:
बनेपा न.पा.-७, चौकोट, ०११-६६००६०
धुलिखेल न.पा.-३, हस्पिटलचोक, ०११-६६५६४४

डिभिजन नं: ७२-०५५-०५६ पान नं.: ३०३१२१७७२

"समुदायको स्मार्ट दिगो वित्तिय सहकारी संस्था"

लक्ष्मी महिला
बचत तथा ऋण सहकारी संस्था लि.
LAXMI MAHILA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

मुख्य कार्यालय: पनौती न.पा.-५, चौकोट, काभ्रेपलाञ्चोक, फोन नं.: ०११-६६२६२८

प.स. ०८१/०८२
च.नं. २९

मिति २०८१/०५/०९

२६ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८१ साल भाद्र ०८ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णय र संस्थाको विनियम २०७८ को परिच्छेद ५ को दफा २६, २८ र २९ बमोजिम एवं सहकारी ऐन २०७४ को परिच्छेद ६ को दफा ३९ बमोजिम देहाय बमोजिम प्रस्तावहरुको छलफल गरि निर्णय गर्न २६ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले स्वर्ण शेयर सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

छलफलका प्रस्तावहरु:-

१. साधारण सभाको निर्णय पुस्तिका हस्ताक्षर गर्न प्रतिनीधि चयन सम्बन्धमा ।
२. सञ्चालक समितिको तर्फबाट सचिवले आ.व.०८०/०८१ को प्रगती प्रतिवेदन तथा आ.व. ०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रमहरु पारित सम्बन्धमा ।
३. सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षको आ.व.०८०/०८१ को प्रगति प्रतिवेदन तथा आ.व. ०८१/८२ को प्रस्तावित बजेट तथा कार्यक्रमहरु पारित गर्ने सम्बन्धमा ।
४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत छलफल तथा पारित गर्ने सम्बन्धमा ।
५. आ.व. ०८०/८१ को वाह्य लेखा परिक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
६. आ.व. ०८१/०८२ को लागि वाह्य लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. सञ्चालक समितिको भत्ता तथा व्यवस्थापन प्रमुखको पारिश्रमिक लगाएतका सुबिधा तोक्ने सम्बन्धमा ।
८. आन्तरिक नीति तथा कार्यविधि संशोधन एवं पारित सम्बन्धमा ।
९. विनियम संशोधन सम्बन्धमा । १०. शेयर लाभांश पारित सम्बन्धमा ।
११. संरक्षित पुँजी फिर्ताकोष पारित सम्बन्धमा । १२. स्थिरिकरण कोष परिचालन सम्बन्धमा ।
१३. सञ्चालक समिति र लेखा समितिको निर्वाचन सम्बन्धमा । १४.विविध सम्बन्धमा ।

उपस्थिति:
मिति: २०८१ असोज १२ गते शनिबार
समय: बिहान ८८:०० बजे देखि ४:०० बजे सम्म
स्थान: अनिवे पार्टी प्यालेस, बनेपा

.....
सकुन्तला श्रेष्ठ
सचिब

शुभ जानकारी:

- सदस्यले आफनो परिचय खुल्ने परिचय पत्र, पासबुक, शेयर प्रमाण पत्र लिई आउनुपर्ने छ ।
- अशक्त तथा जेष्ठ सदस्यले रातो कार्ड वा जेष्ठताको कार्ड लिई उपस्थित हुनुपर्ने छ । नियमित बचत नगर्ने सदस्यले साधारण सभामा सहभागी हुन नपाईने भएकोले अनिवार्य रुपमा भदौ मसान्त सम्म नियमित बचत गरी **KYM** भर्न बाँकी सदस्यले अनिवार्य अध्यावधी गर्नहुन अनुरोध गरिन्छ। (अनियमित ६ महिना भन्दा बढि हुन नहुने)
- हरेक वर्ष उत्कृष्ट एस.ई.ई सम्मान कार्यक्रममा नीति तथा सामुदायिक विद्यालयका छात्र, छात्राहरुले भाद्र मसान्त सम्म अनिवार्य लब्धाङ्क पत्र र चरित्रप्रमाण पत्र यस संस्थाको नजिकको कार्यालयमा पेश गरि सक्नुपर्ने छ ।
- साधारण सभामा उपस्थित सदस्यलाई पारिश्रमिक स्वरुप रु ३५२.९४ मा ५२.९४ करकटा गरि रु ३००।- प्रदान गरिने छ ।
- ६५ वर्ष माथिका शेयर सदस्यहरुलाई जेष्ठ नागरिक सम्मान कार्यक्रम हुने हुँदा भाद्र मसान्तसम्म संस्थामा नागरिकता प्रमाणपत्र सहित आफ्नो नाम रजिष्ट्रेशन गराउनु पर्नेछ ।

www.laxmisaccos.org.np laxmisaccos@hotmail.com

सेवाकेन्द्र:
बनेपा न.पा.-७, चौकोट, चौक, ०११-६६००६०
धुलिखेल न.पा.-३, हस्पिटलचोक, ०११-६६५६४४

डिभिजन नं.: ७२-०५५-०५६ पान नं.: ३०३१२१७७२

"समुदायको स्मार्ट दिगो वित्तिय सहकारी संस्था"

नेफ्स्कून

लक्ष्मी महिला
बचत तथा ऋण सहकारी संस्था लि.
LAXMI MAHILA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

मुख्य कार्यालयः पनौती न.पा.-५, चौकोट, काभ्रेपलाञ्चोक, फोन नं.: ०११-६६२६२८

प.स. ०८१/०८२
च.न.

मिति २०८१/०५/०९

२६ औं वार्षिक साधारण सभाको सन्दर्भमा सञ्चालक समिति १३ पद र लेखा सुपरिवेक्षण समिति ३ पदमा हुने निर्वाचनको लागि निर्धारण गरिएको

निर्वाचन कार्यक्रम तालिकाः

क्र.सं.	कार्यक्रम	मिति	समय दिनको
१	मतदाता नामावली प्रकाशन	२०८१/०६/०८	११:०० बजे
२	छुट नाम दर्ता/मतदाता नामावली उपर दावी विरोध	२०८१/०६/०८	११:००-२:४५ बजेसम्म
३	अन्तिम मतदाता नामावली प्रकाशन	२०८१/०६/०८	४:०० बजे
४	उम्मेदवारीको दरखास्त	२०८१/०६/०९	११:३० -०१:३० बजेसम्म
५	उम्मेदवारहरुको नामावली प्रकाशन	२०८१/०६/०९	०२:०० बजे
६	उम्मेदवारी उपर दावी विरोध	२०८१/०६/०९	०२:१०-०३:४५ सम्म
७	दावी विरोध माथि छानविन र उम्मेदवारी दर्ता	२०८१/०६/०९	०३:४५-०५:०० बजेसम्म
८	अन्तिम उम्मेदवारहरुको नामावली प्रकाशन	२०८१/०६/०९	०५:३० बजे
९	मतदान कार्यक्रम	२०८१/०६/१२	०१:३०-०५:०० बजेसम्म
१०	मत गणना	२०८१/०६/१२	मतदान पश्चात
११	मत परिणाम घोषणा र सपथ ग्रहण	२०८१/०६/१२	मतगणना पश्चात

.....
निर्वाचन अधिकृत

लक्ष्मी महिला
बचत तथा ऋण सहकारी संस्था लि.
LAXMI MAHILA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

सल्लाहाकार समिति:

[illegible] महत
तीर्थ माया प्रधान

प्रकाशन उप-समिति

संयोजक
सकुन्तला श्रेष्ठ

सदस्य
अनिता सापकोटा

सदस्य सचिव
[illegible]रेज रायमाझी

प्रकाशक:

लक्ष्मी महिला बचत
तथा ऋण सहकारी संस्था लिं

मुख्य कार्यालय
पनौती न.पा. ५-चौकमा
फोन नं : ०११-६६२६२८

सेवाकेन्द्रहरु
बनेपा न.पा.-७, गोदामचोक
फोन नं.: ०११-६६००६०
धुलिखेल न.पा.-६, हस्पिटलचोक
फोन नं.: ०११-६६५६४४

यस भित्र **पेज**

१. अध्यक्षको मन्तव्य १

२. आ.ब. २०८०/०८१ को सचिवको प्रगति प्रतिवेदन तथा आ.व. २०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रमहरु ३

३. आ.ब. २०८०/०८१ को कोषाध्यक्षको प्रतिवेदन तथा आ.व. २०८१/०८२ को प्रस्तावित बजेट तथा कार्यक्रमहरु १५

४. आ.ब. २०८०/०८१ को वाह्य लेखापरीक्षणका प्रतिवेदन २१

५. आ.ब. २०८०/०८१ को लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन ४०

अध्यक्षको मन्तव्य



मैया महत
अध्यक्ष

लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि को २६ औं बार्षिक साधारण सभाका आदरणीय प्रमुख अतिथी ज्यू, विशिष्ट अतिथी ज्यूहरु विभिन्न सहकारीबाट पाल्नु भएका सहकारीकर्मी मित्रहरु, सल्लाहकार ज्यूहरु, सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीज्युहरु, उपसमितिका पदाधिकारीज्यूहरु, शेयरसदस्यज्यूहरु, बालबचतकर्ताज्युहरु पत्रकार ज्यूहरु, कर्मचारी वर्ग तथा यहाँ उपस्थित आदरणीय शुभचिन्तक महानुभावहरुमा सहकारीमय न्यानो अभिवादन टक्र्याउँदछु।

आजभन्दा २६ बर्ष अघि स्थापना भएको लक्ष्मी महिला साकोसले निर्भिग्न रुपले रजतवर्ष पुरा गरी २६औं बर्षको साधारण सभा मनाउन पाउनु हाम्रो लागि गर्वको कुरा हो। संस्थाको मुल मर्म महिलाहरुलाई (सदस्यहरुलाई) आत्म निर्भर, सवल र सक्षम बनाउनु नै हो। यसै अनुसार कार्य क्षेत्र भित्रका महिलाहरुलाई बचतको आर्थिक सम्बृद्धि, सामाजिक एकीकरण र सदभाव एवं सास्कृतिक जगेर्ना तथा संरक्षण, क्षेत्र विकास र उद्यमशिलता तर्फ लाग्न प्रेरित गर्दै जीवनयापनलाई सहज बनाउन व्यवसायिक तालिमहरु प्रदान गर्ने, स्वावलम्बि शिक्षा प्रदान गर्ने तथा कामका लागि संस्थाले वित्तिय सेवा प्रदान गर्दै आएको छ। सदस्य महानुभावहरुको अपार मायाले गर्दा नै यो संस्था यो अवस्थासम्म आउन सकेको कुरा निर्विवाद छ। यसरी सम्बृद्ध महिला र समुन्नत समाज निर्माण गर्ने दृढ संकल्पकासाथ संस्थालाई सवल सक्षम र उत्कृष्ट संस्थाको रुपमा चिनाउन दत्तचित्त रहेको कुरा म यहाँहरुलाई अवगत गराउन चाहन्छु।

सदस्य महानुभावहरु,

आर्थिक मन्दिका कारणले विश्वको अर्थतन्त्र नै तहस नहस परेको अवस्थामा हाम्रो देश नेपाल र सहकारीहरुमा त्यसको असर देखा पर्नु स्वाभाविक होइन। यसका कारणले कतिपय सहकारीहरु धाराशायी नै हुन गएका हामीले देखे सुनेका छौं। यस्तो परिस्थितिमा पनि हाम्रा प्रयास तपाई शेयर सदस्यज्यूहरुको साथ र भरोसाले संस्था विचलित नभै उत्थोधकारी रुपमा अगाडी बढी रहेको कुरा म यहाँहरुलाई अवगत गराउन चाहन्छु यो नै संस्थाको सवल पक्ष हो। सदस्यज्यूहरुले पनि आफुले सकेको संस्थालाई नियमित पूर्वक र कारोवार मा नीति निर्देशन अनुसार सहयोग गरी नै रहनु भएको छ र आगामी दिनमा पनि हुनुहुनेछ भन्ने आशा पनि लिएको छु। संस्थाको मेरुदण्डको रुपमा रहेको ऋण लगानी तथा असुलीलाई सुरक्षित र प्रभावकारी बनाउन संस्था हरदम प्रयत्नशिल रही रहेकोकुरा अवगत गराउन चाहन्छु।

सदस्यज्युहरु ,

आर्थिक मन्दिका वावजुद पनि संस्थाका कर्मचारी, सञ्चालक समिति र उप समितिहरुको अथक मेहनतले गर्दा संस्थाले थोरै भएपनि प्रतिफल प्राप्त गर्न सफल भएको छ। यो खुशिको कुरा हो। तरपनि सम्म संस्थामा आवद्ध निकायबाट जारि गरिएको मार्ग निर्देशनलाई अबलम्बन गर्दै अगाडि बढ्नु पर्ने संस्थाका लागि चुनौतीको विषय बनेको छ। तसर्थ यि सबै चुनौती र समस्याहरुको सफल समधान गर्दै अगाडि बढ्नु पर्ने यस

परिस्थितिमा सबै जनाको सहयोगको अपरिहार्यता छ र म त्यसको आगामी दिनमा पनि अपेक्षा गर्दछु। संस्थालाई थप सुदृढ र सफल बनाउन संस्थामा शेयर सदस्यहरुको संख्या बढ्दै जानुपर्ने हुन्छ। संस्था जति ठूलो हुँदै गयो त्यति नै सदस्यहरुलाई बढी भन्दा बढी सेवा दिन सकिने हुन्छ। अझै पनि हाम्रो सामु शेयर सदस्य संख्या बढाउनु पर्ने चुनौती रहेको छ। यसका लागि हामीले अङ्गिकार गरेको एक जना सदस्यले अर्को एकजना सदस्य बनाउने नीति लिएकोमा पहिले भन्दा गएका वर्षमा सदस्य संख्यामा राम्रो बढोत्तरी भएको छ र पनि अझै मिहिनेतको आवश्यकता रहेको छ। यसका लागि सम्बद्ध पदाधिकारी पदाधिकारी म र मेरो संस्था भन्ने भावनाका साथ अगाडी बढेमा संस्थाको उन्नतिको बाटोमा लम्किनै रहने छ भन्ने विश्वास लिएको छु। संस्थालाई सफल, सवल र सक्षम बनाउन आवश्यक नीति नियम कार्यबिधीहरु बनाउनुमा गरी कार्यान्वयन गर्ने कार्यमा सहयोग पुऱ्याउन सम्पूर्ण आफ्नोपनका संघसंस्थाहरुलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु। आशा एवं विश्वास छ कि यस संस्था र संस्थाका सदस्यहरुको उन्नति र आदर्श सम्पन्नता सृजना गर्ने कार्यमा आगामी दिनमा पनि सहयोग रही रहनेछ र पाइ रहने छौ भन्ने विश्वास लिएको छु।

अन्तमा संस्थालाई यो अवस्था सम्म ल्याइ पुऱ्याउन साथ र सहयोग पुऱ्याउनुहुने सम्बन्धित निकाय, शुभ चिन्तक तथा शेयर सदस्य महानुभावहरुलाई नमन गर्दै यही आउदो २०८१ सालको शुभ विजया दशमी र दिपावली तथा छटको उपलक्ष्यमा सुस्वास्थ्य एवं उत्तरोत्तर उन्नतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।
जय सहकारी ॥ जय लक्ष्मी महिला ॥

ऋण कारोबारको लागि सदस्यले यो कुराहरु पालना गर्नु भएन भने ऋण उपलब्ध गराउन सकिदैन ।

१. सदस्य भएको ३ महिना पुरा भएको अवस्था छैन भने।
२. बिगत ६ महिना देखि नियमित / मासिक बचत गर्नु भएको छैन भने।
३. यस अगाडिको ऋण कारोबारमा भाखा भित्र ऋण भुक्तानी गर्नु भएको छैन भने।
४. ऋण कारोबार गर्दा मासिक रुपमा किस्ता र व्याज तिर्ने पर्ने आम्दानीको श्रोत छैन भने।
५. व्यक्तिगत फाईलमा पुर्ण रुपमा कागजात पेश गर्नु भएको छैन भने।
६. साक्षि जमानी छैन भने।
७. एकाघर परिवारको मञ्जुरी छैन भने।
८. संस्थाले मागेको धितो विवरण उपलब्ध गराउनु भएको छैन भने।
९. तपाईले यस अघि लिएको ऋणको सदुपयोग गर्नुभएको छैन भने।

सचिवको प्रगति प्रतिवेदन



सकुन्तला श्रेष्ठ
सचिव

यस लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि.को २६ औं साधारण सभाको सभापती ज्यु, व्यस्तताको बाबजुद पनि आफ्नो अमुल्य समय दिई कार्यक्रम सफल संग सम्पन्न गर्न पाल्नु भएका प्रमुख अतिथी ज्यू, हाम्रो निमन्त्रणा दोई स्विकार गरि पाल्नु भएका विशिष्ट अतिथीज्युहरु, विभिन्न संघ संस्थाका मेरुदण्डका रुपमा रहनु भएका सञ्चालक समिति लेखा सुपरिवेक्षण समिति, उप समितिका सहकर्मी मित्रहरु, यस संस्थाका बलियो खम्बाको रुपमा रहनु भएका शेयर सदस्यज्युहरु, संस्थाको कर्मशिल र प्रगतिशिल कर्मचारी मित्रहरु लगायत सम्पुर्ण महानुभावहरुमा यस संस्थाको सचिबको तर्फबाट हार्दिक न्यानो सहकारी मय अभिवादन व्यक्त्याउन चाहान्छु।

यस लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि. को २५ औं रजत वर्ष पार गरि २६ औं साधारण सभा मनाउन पाउदा धेरै नै गौरबको कुरा हो संस्थाको परिकल्पना निम्न आय भएका महिला दिदिबहिनीहरुलाई बचत के हो ? किन गर्नु पर्छ ? भन्ने एउटा जिज्ञासालाई मेटाउने केहि पैसा आफैमा निहित भएर निश्चित उद्देश्यलाई आय आर्जन गर्ने उद्देश्यले ऋणको प्रवाह गरि आफ्नो आय स्तरलाई बढाउने उद्देश्य लिएर यो संस्था स्थापना भएको थियो। संस्था स्थापना भएको दिन सम्म आईपुग्दा सहकारी ऐन नियमावलीको परिधिभित्र रहेर विनियम तय पारि विभिन्न नीति तथा कार्यविधि तयार पारेर हामी अगाडि बढेका छौ संस्थाले यस समाजमा समाजिक, आर्थिक, शैक्षिक तथा वातावरण बिकासको लागि सदैब अग्रसर रहेको छ। जस अन्तर्गत लक्ष्मी महिला साकोसले बचतको जोखिमलाई न्युनिकरण गर्न र स्थायित्व प्रदान गर्नको लागि यस संस्थाको शेयर सदस्य भैसकेपछि अनिवार्य नियमित बचतको व्यबस्था गरेको छौं । त्यस्तै ऋण तर्फ हरेक ऋणको शिर्षकमा अनिवार्य मासिक किस्ताको व्यबस्था र व्यबसायको प्रकृति अनुसार त्रैमासिक किस्ता पनि व्यबस्था गरेको छौं । यस संस्थाबाट सदस्यको आकर्षणलाई तिब्रता दिनको लागि बचत तथा ऋणको कारोबारमा विभिन्न शिर्षकमा प्रोत्साहन पुरस्कारको व्यबस्थापन गरेका छौं । उत्कृष्ट नियमित बचत, उत्कृष्ट ऋणी सदस्य, उत्कृष्ट शेयर सदस्य जस्ता शिर्षकहरुमा संस्थाको साधारण सभा एंव स्थापना दिवसको अबसरमा पुरस्कृत गर्ने गरेका छौं । त्यस्तै हरेक वर्ष संस्थाले आर्जन गरेको नाफाबाट आवश्यक मात्रमा ऋणको जोखिमकोष व्यबस्थापन गरेर मात्र नियमावली अनुसार विनियममा व्यबस्था भए बमोजिम जोखिम कोष बाडफाँड गर्ने गरेका छौं । त्यसकारण पनि हाल देशमा देखा परेका आर्थिक मन्दिको बेलामा पनि सदस्यहरुलाई कुनै पनि आर्थिक अभावको महशुस हुन दिएका छैनौं ।

यस लक्ष्मी महिला संस्थासले सदस्यहरुको प्रत्यक्ष आर्थिक बिकासको लागि चौध प्रकारको बचत र एघार प्रकारका ऋण प्रवाह गर्दै आईरहेको छ। जस अन्तर्गत संस्थाले शेयर सदस्य उद्यमी बनाउन लागि भनेर सहुलियत ऋण ८ प्रतिशतमा लगानी गरिएको छ यो योजनाले ७६ जना सदस्यले लाभ लिइसकेको छ। यो योजनाले साच्चै नै सदस्यमा केहि गर्नु पर्छ भन्ने भावनको बिकास भएको छ। यस योजनालाई निरन्तरता दिने हाम्रो प्रयास रहेको छ। र सदस्यहरुको हक हितको र जिबन स्तरमा परिवर्तन गर्नको लागि रहेको सिद्धान्तमा रहि सदस्यहरुको जनचेतना अभिवृद्धि सदस्यको आर्थिक उन्नतीको लागि उद्यमशिलता, व्यबसायिक, सिपमुलक, महिला शसक्तिकरणमा जस्ता तालिमहरु संचालन भएका छन्।

आदरणीय सदस्यज्युहरु यस संस्थाले प्रत्यक्ष तथा अप्रत्यक्ष आर्थिक सुविधा साथै अन्य प्रकारका विभिन्न सुविधाहरु संस्थाबाट दिदै आएका छौ जस अन्तर्गत सदस्य हितका विभिन्न शिर्षकमा राहात व्यबस्था गर्दै आएका छौ । नव दुलहि भेट, प्रसुति भेट, बालबालिकालाई कपि बितरण, बालबालिकाको जन्म दिनको अवसरमा केक वितरण कार्यक्रम, जटिल प्रकारको रोगको उपचार एवं शरिरीक अंगभगं भएको अबस्थामा उपचार खर्च तथा सदस्य एवँ सदस्य श्रीमानको मृत्यु हुदा समेत राहातको व्यबस्था गरेको छ। साथै सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक कार्य, सामुदायिक कार्यहरुमा आर्थिक तथा अन्य तबरबाट पनि सहयोग जनाउदै आएका छौं।

१. २५ औं साधारण सभाको समिक्षा :

२०८० साल असोज १३ गते शनिबार २५ औ साधारण सभाका प्रमुख अतिथि बागमती प्रदेश सहकारी संघ लि का अध्यक्ष श्री रामशरण शर्माज्युको प्रमुख आतिथ्यता मा भव्यताका साथ सम्पन्न भएको थियो। साथै उक्त साधारण सभामा ३२७७ शेयर सदस्य मध्ये २१०८ (६४.३२%) को उपस्थितिमा सम्पुर्ण प्रस्तावहरु उपर छलफल गरि सभामा सर्वसम्मत निर्णय गरिएको थियो।

२. आवद्धता/बैक

क्र.स	सदस्यता नं.	सदस्यता मिति	संघ/बैक
१	२८८	१/१३/२०५९	नेपाल केन्द्रिय बचत तथा ऋण सहकारी संघ लि.
२	२४१	१२/२५/२०७७	बागमती प्रदेश सहकारी संघ लि
३	[illegible]	९/२९/२०७७	बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
४	१४	१२/२३/२०६२	जिल्ला सहकारी संघ लि. काभ्रेपलाञ्चोक
५	२२	६/२०/२०५८	काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
६	४४२	३/१६/२०७६	राष्ट्रिय सहकारी बैंक लि.

३. संस्थाको संरचना

क्र.स	संस्थाको संगठनिक संरचना	संख्या
१	सञ्चालक समिति	१३ जना
२	लेखा तथा सुपरिवेक्षण समिति	३ जना
३	ऋण उप समिति	३ जना
४	शिक्षा तथा सञ्चार उप समिति	३ जना
५	बाल बिकास उप समिति	३ जना
६	स्वास्थ्य तथा वातावरण उप समिति	३ जना
७	कृषि उप समिति	५ जना
८	प्रोबेशन कार्यदल	५ जना
९	बनेपा सेवा केन्द्र उप समिति	५ जना
१०	धुलिखेल सेवा केन्द्र उप समिति	३ जना

४. कर्मचारी व्यवस्थापन

क्र.स	कर्मचारी व्यवस्थापन	संख्या
१	प्रमुख कार्यकारी अधिकृत	१ जना
२	अधिकृत	१ जना
३	बरिष्ठ सहायक लेखापाल	१ जना
४	बरिष्ठ सहायक	१ जना
५	कार्यालय सहायक	३ जना
६	बजार प्रतिनीधि	१ जना
७	सदस्य प्रतिनीधि	४ जना
८	कार्यलय सहयोगी	१ जना
	जम्मा	१४ जना

५. विनियम संशोधन

क्र.स	साविक	संशोधन	कारण
१	परिच्छेद ४ को दफा १७ को उपदफा (४)	संस्थाको कुल शेयर पूँजी रु १०,००,००,०००।- (अक्षेरुपी दश करोड मात्र) हुनेछ।	यस अघि बिनियममा उल्लेख नभएकाले।

६. संस्थाका नीतिहरु, निर्देशिकाहरु र कार्यविधिहरु

क्र.स	नीतिहरु	कार्यविधिहरु	निर्देशिकाहरु
१	बचत नीति	सामुहिक ब्रतबन्ध	प्रोत्साहन निर्देशिका
२	ऋण नीति	साधारण सभा संचालन कार्यविधि	ले.सु.स लेखापरिक्षण निर्देशिका
३	सदस्यता नीति	गुनासो सुनुवाई कार्यविधि	बैठक सञ्चालन निर्देशिका
४	शेयर नीति	सदस्य दुर्घटना राहत वितरण कार्यविधि	बिपद जोखिम न्यूनिकरण निर्देशिका
५	आर्थिक तथा प्रशासनिक नीति	योजना तथा बजेट निर्माण कार्यविधि	सेवा केन्द्र व्यवस्थापन तथा सञ्चालन निर्देशिका
६	मानव संसाधन व्यवस्थापन नीति	खुत्रुके कार्यविधि	प्रोत्साहन निर्देशिका
७	भाखा नाघेको ऋण अनुली नीति	केक बितरण कार्यबिधि	उप समिति गठन निर्देशिका
८	विधा मुल्याङ्कन नीति	दुलहि भेटघाट कार्यबिधि	सदस्य हेरचाह निर्देशिका
९	निर्वाचन नीति	जेष्ठ नागरिक बचत कार्यविधि	
१०	सुशासन नीति	ब्रतबन्ध कार्यविधि	
११	बाह्य ऋण सापटी नीति	सम्पत्ति शुद्धिकरण निबारण कानुन पालना सम्बन्धि कार्यविधि	
१२	स्थीर सम्पत्ति आर्जन तथा व्यवस्थापन नीति	सदस्य सहुलियत ऋण प्रदान कार्यविधि	
१३	कोष व्यवस्थापन नीति	संरक्षित पुँजी फिर्ता कोष वितरण कार्यविधि	
१४	संगठन तथा सामान्य नीति	छोटो अवधि ऋण कार्यविधि	
१५	पुराना कागज धुल्याउने नीति	विपत्त व्यबस्थापन कार्यविधि	
१६	उपसमिति गठन तथा व्यवस्थापन नीति	सम्पत्ति शुद्धिकरण निवारण	
१७	नगद परिचालन नीति		
१८	सदस्य राहात नीति		
१९	गल्ती व्यबस्थापन नीति		
२०	बिपत व्यबस्थापन नीति		

७. सदस्यता

क्र.स	सदस्य विवरण	महिला/बाल	जम्मा	कैफियत
१	आ.व.०७९/०८०	१७८२/१४५०	३९६२	
२	आ.व.०८०/०८१	३०६९/१२८८	४३६८	
३	खाता बन्दी	१०		

८. संस्थाले ल्याएको बचत तथा शेयर यस प्रकार छन् ।

क्र.स.	बचत शिर्षक	संख्या	क्र.स	बचत शिर्षक	संख्या
१	नियमित बचत	३१७७ जना	९	बिशेष बचत	१९ जना
२	अध्ययन बचत	३७५ जना	१०	सहज बचत	१९ जना
३	आकस्मिक बचत	३७५ जना	११	जेष्ठ नागरिक बचत	१ जना
४	बाल बचत	१२८३ जना	१२	तिज बचत	१९६ जना
५	साधारण बचत	३१५० जना	१३	बिमा बचत	१५ जना
६	स्वच्छिक बचत	३० जना	१४	आवधिक बचत ३ महिने	३६ जना
७	तिर्थ/भ्रमण बचत	५ जना		आवधिक बचत ६ महिने	३७ जना
८	दैनिक बचत	७५४ जना		आवधिक बचत १ वर्षे	११४ जना

९. बैठक विवरण

क्र.स.	समिति/उप-समिति	बैठक संख्या
१	संञ्चालक समिति	नियति १२ पटक, अंर्थात ३ पटक, आकस्मिक ८ पटक
२	लेखा तथा सुपरिवेक्षण समिति	४ पटक
३	ऋण उप समिति	१९ पटक
४	शिक्षा तथा संञ्चार उप समिति	४ पटक
५	बाल बिकास उप समिति	३ पटक
६	कृषि उप समिति	४ पटक
७	स्वास्थ्य तथा वातावरण उप समिति	२ पटक
८	बनेपा सेवा केन्द्र उप समिति	१२ पटक
९	धुलिखेल सेवा केन्द्र उप समिति	१२ पटक
१०	प्रवेशन कार्यदल	१० पटक
११	व्यबस्थापन समिति	६ पटक

१०. पत्र दर्ता तथा चलानी

यस सहकारीमा २०७९/०८० को असार अन्तसम्ममा निम्नानुसार पत्र दर्ता तथा चलानी गरेको थियो ।

क्र.स.	पत्र	संख्या
१	पत्र दर्ता	८२
२	पत्र चलानी	१४९

११. प्रकाशन
क) वार्षिक प्रगति प्रतिवेदन
ख) क्यालेण्डर
ग) ब्रोसर
घ) बाल सदस्यलाई कपि वितरण

१२. नवदुलहि भेटघाट कार्यक्रम

क्र.स.	सदस्यको नाम थर	सदस्य नं.	शिर्षक	रकम रु
१	गंगा [illegible]ो	३३६७	नब दुलहि भेटघाट	रू.७२५।-
२	[illegible]तिका प्रसाई	३३८२	नब दुलहि भेटघाट	रू.७२५।-
३	दिपिका थापा	३४२५	नब दुलहि भेटघाट	रू.७२५।-
४	सम्झना थापा	३५७१	नब दुलहि भेटघाट	रू.७२५।-
५	अस्मिता नगरकोटी	२२६६	नब दुलहि भेटघाट	रू.७२५।-
६	ज्योती खड्का	३५३१	नब दुलहि भेटघाट	रू.७२५।-
७	निशा कुवंर	३५१२	नब दुलहि भेटघाट	रू.७२५।-
८	रिता दाहाल	३३५०	नब दुलहि भेटघाट	रू.७२५।-
९	ईप्सा सापकोटा	३३६८	नब दुलहि भेटघाट	रू.७२५।-
१०	भवानी आचार्य	३३८७	नब दुलहि भेटघाट	रू.७२५।-
११	[illegible]ती बस्नेत	३२२३	नब दुलहि भेटघाट	रू.७२५।-

१३. प्रसुती राहत तथा अन्य कोष वितरण

क्र.स.	सदस्यको नाम थर	सदस्य नं.	समूह	शिर्षक	रकम रु
१	रितु थापामगर	२१०९	छांपागाउ	प्रसुती राहत	रू.१०००।-
२	सगून श्रेष्ठ	८९७	टुसाल	प्रसुती राहत	रू.१०००।-
३	सजना खड्गी	२५०७	श्रीखण्डपुर	प्रसुती राहत	रू.१०००।-
४	गगां महत	१५७५	थापागांउ	प्रसुती राहत	रू.१०००।-
५	टेजिना पुलामी	२२९२	छांपागाउ	प्रसुती राहत	रू.१०००।-
६	प्रमिला खड्का	१२९५	गैरीगां	प्रसुती राहत	रू.१०००।-
७	सरस्वती मानन्धर	१३८२	श्रीखण्डपुर	प्रसुती राहत	रू.१०००।-
८	सबिता बनमाला	२८५१	दर्शनढुङ्गा	प्रसुती राहत	रू.१०००।-
९	शान्ति मिजार	१५६०	टुसाल	प्रसुती राहत	रू.१०००।-
१०	गौरी खड्का	१२५३	श्रीजनशिल	प्रसुती राहत	रू.१०००।-
११	रुपा बिशुङ्के	३०५७	पुण्यमाता	प्रसुती राहत	रू.१०००।-
१२	सरस्वती सुवाल	१२४१	दर्शनढुङ्गा	प्रसुती राहत	रू.१०००।-
१३	सुनिता दाहाल	१७६७	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-

क्र.स	सदस्यको नाम थर	सदस्य नं.	समूह	शिर्षक	रकम रु
१४	प्रतिमा तामाङ	२२७१	[illegible]	प्रसुती राहत	रू.१०००।-
१५	प्रतिमा तिमल्सिना	२२८	पौबस्थान	प्रसुती राहत	रू.१०००।-
१६	बिनीता तामाङ	२९६२	थापागांउ	प्रसुती राहत	रू.१०००।-
१७	आरती खड्का	१३५४	थापागांउ	प्रसुती राहत	रू.१०००।-
१८	संगिता श्रेष्ठ	१८३३	दर्शनढुङ्गा	प्रसुती राहत	रू.१०००।-
१९	अनिता गिरी	१८४१	नैकिन्टार	प्रसुती राहत	रू.१०००।-
२०	चद्रशोभा श्रेष्ठ	१६९०	श्वेतगणेश	प्रसुती राहत	रू.१०००।-
२१	अनिता श्रेष्ठ	२५६३	श्वेतगणेश	प्रसुती राहत	रू.१०००।-
२२	सबिना थापा	१११९	मिचाटार	प्रसुती राहत	रू.१०००।-
२३	सुजना कुईकेल	१२६६	गोरखनाथ	प्रसुती राहत	रू.१०००।-
२४	सल्याणी गिरी	१२३३	नैकिन्टार	प्रसुती राहत	रू.१०००।-
२५	लज्जु खड्का	२६[illegible]	थापागांउ	प्रसुती राहत	रू.१०००।-
२६	सत्माया सर्मिला श्रेष्ठ	१४१०	पुण्यमाता	प्रसुती राहत	रू.१०००।-
२७	सरस्वती थापामगर	९८२	छांपागाउ	प्रसुती राहत	रू.१०००।-
२८	सुसिता गिरी	२२८२	गैरीगाउं	प्रसुती राहत	रू.१०००।-
२९	सबिना के.सी	२०९१	गैरीगाउं	प्रसुती राहत	रू.१०००।-
३०	चन्चला महत	१४३५	छांपागाउ	प्रसुती राहत	रू.१०००।-
३१	सविता श्रेष्ठ	१५८०	श्वेतगणेश	प्रसुती राहत	रू.१०००।-
३२	कौशिल्या गिरी	१३४५	नैकिन्टार	प्रसुती राहत	रू.१०००।-
३३	गोपिनी गौतम	२९३१	गैरीगाउं	प्रसुती राहत	रू.१०००।-
३४	यमुना भडेल	[illegible]	श्रीखण्डपुर	प्रसुती राहत	रू.१०००।-
३५	पेलिमाया प्रधान	११६३	कालीका	प्रसुती राहत	रू.१०००।-
३६	पुजा थापा	३०६९	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
३७	अस्मिता महत	८८७	रक्तमाला	प्रसुती राहत	रू.१०००।-
३८	निर्मला खरेल	२८५३	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
३९	सुधा दाहाल	१११४	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
४०	सबिना लामिछाने	२४१२	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
४१	नबिना हुमागाई	२७३४	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
४२	प्रतिभा बोगटी	२९७०	गैरीगाउं	प्रसुती राहत	रू.१०००।-
४३	अन्जना सापकोटा	२७२४	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
४४	सृष्टि बस्नेत	२४८९	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
४५	सृजना राणा	२३७२	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
४६	अन्जना कुईकेल	२५२७	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
४७	मुना श्रेष्ठ	२७७५	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-

क्र.स.	सदस्यको नाम थर	सदस्य नं.	समूह	शिर्षक	रकम रु
४८	अन्जना गिरी	१०१५	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
४९	रोमि मर्हजन	१८२०	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
५०	श्रीदेवी श्रेष्ठ	१४७८	पुण्यमाता	प्रसुती राहत	रू.१०००।-
५१	सबिना श्रेष्ठ	२०४७	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
५२	अप्सरा बज्रचार्य	३२३३	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
५३	सीता श्रेष्ठ	२०७८	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
५४	यमुना श्रेष्ठ	१९४५	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
५५	सुरिता सापकोटा	२९०४	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
५६	रजनी थापा	१४५८	सुन्दरबस्ती	प्रसुती राहत	रू.१०००।-
५७	अस्मिता थापा मगर	२९६६	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
५८	सुस्मिता बोगटी	२५९८	गैरीगाउं	प्रसुती राहत	रू.१०००।-
५९	पबित्रा खड्का	२५	गैरीगाउं	प्रसुती राहत	रू.१०००।-
६०	रोमि रन्जितकार	१२४६	बनेपा सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
६१	सर्मिला श्रेष्ठ(सत्माया)	१४१०	पुण्यमाता	प्रसुती राहत	रू.१०००।-
६२	अनुपमा श्रेष्ठ	१५७७	धुलिखेल सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
६३	सबिता गौतम	२७१८	धुलिखेल सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
६४	उस्मा श्रेष्ठ	१८०७	धुलिखेल सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
६५	रोजिना कपाली लामा	३२४०	धुलिखेल सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
६६	प्रतिक्षा भण्डारी महत	१४४०	धुलिखेल सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
६७	बिन्दा चौलागाई	३०३५	धुलिखेल सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
६८	अन्जना धलाछे श्रेष्ठ	१८	धुलिखेल सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
६९	संगिता श्रेष्ठ	३३१६	धुलिखेल सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
७०	सृजना कार्की	३१२६	धुलिखेल सेवाकेन्द्र	प्रसुती राहत	रू.१०००।-
७१	सुस्मा बस्नेत महत	२५५२	कालीका	प्रसुती राहत	रू.१०००।-

१४. मृत्यु राहत सेवा

क्र.स.	सदस्यको नाम थर	सदस्य नं.	शिर्षक	शिर्षक	रकम रु
१	निरु श्रेष्ठ	६२५	पुण्यमाता	सदस्य	१००००
२	कान्छी दर्जी	७७	गैरीगाउं	सदस्य श्रीमान्	१००००
३	लालमाया तामाङ	२२८३	गैरिगाउं	सदस्य श्रीमान्	१००००
४	ज्ञानीमाया श्रेष्ठ	१९५	कालीका	सदस्य	१००००
५	मिठुमाया श्रेष्ठ	१४७	कालीका	सदस्य	१००००
६	कालीमाया श्रेष्ठ	१२२	कालीका	सदस्य	१००००
७	नुनुमाई दाहाल	२१७५	पुण्यमाता	सदस्य श्रीमान्	१००००

क्र.स	सदस्यको नाम थर	सदस्य नं.	शिर्षक	शिर्षक	रकम रु
८	लक्षुमाया बि.क	१६१८	कालीका	सदस्य	५०००
९	बिनु बस्नेत	२३९६	कालीका	सदस्य श्रीमान्	५०००
१०	गोमा गिरी	८०३	नैकिन्टार	सदस्य श्रीमान्	१००००
११	सर्मिला श्रेष्ठ	२९२	सृजनशिल	सदस्य	१००००
१२	दुर्गा खड्का	२६७	गैरिगाउं	सदस्य	१००००
१३	चम्पा खड्का	८१	गैरिगाउं	सदस्य श्रीमान्	१००००
१४	युद्धकुमारी [illegible]	२४७	रक्तमाला	सदस्य	५०००
१५	[illegible] श्रेष्ठ	५३५	टुसाल	सदस्य	१००००
१६	[illegible]जुदेवि नर्सिङ	१४०२	धुलिखेल सेवाकेन्द्र	सदस्य श्रीमान्	५०००
१७	अम्बिका बस्नेत बोगटी	११८१	गैरिगाउं	सदस्य श्रीमान्	१००००
१८	इन्द्र कुमारी देउजा	७४	गैरिगाउं	सदस्य श्रीमान्	१००००

१५. विरामी राहात

क्र.स.	सदस्यको नाम थर	सदस्य नं.	समूह	शिर्षक	रकम रु
१	कमला के.सी	३६९	गैरिगाउं	बिरामी राहात	५०००
२	निरुता [illegible]	२१७२	रक्तमाला	बिरामी राहात	५०००
३	[illegible] महत बस्नेत	७६०	कालीका	बिरामी राहात	५०००
४	सुनिता पुटुवार	६४८	कालीका	बिरामी राहात	५०००
५	लक्ष्मी श्रेष्ठ	२११६	गोरखा [illegible]	बिरामी राहात	५०००
६	पुर्णमाया खत्री	१११	गैरिगाउं	बिरामी राहात	५०००
७	भागीरथी घ.क्षे	९४८	नैकिन्टार	बिरामी राहात	५०००
८	अन्जू राउत	[illegible]७	धुलिखेल सेवाकेन्द्र	बिरामी राहात	२०००
९	यसोदा थापा	४३१	सुन्दरबस्ती	बिरामी राहात	२०००
१०	सुजना श्रेष्ठ	२००९	धुलिखेल सेवाकेन्द्र	बिरामी राहात	५०००
११	अप्सरा थापा	१०५८	धुलिखेल सेवाकेन्द्र	बिरामी राहात	५०००
१२	[illegible]मा योगल श्रेष्ठ	३०८७	धुलिखेल सेवाकेन्द्र	बिरामी राहात	५०००
१३	विनिता चोच्छे	३१५५	धुलिखेल सेवाकेन्द्र	बिरामी राहात	५०००

१६. संस्थाबाट विभिन्न कार्यक्रम तालिममा सहभागि भइएको

क्र.स	मिती	संस्थाको नाम	शिर्षक	प्रतिनीधि
१	७/२१/२०८०	राष्ट्रिय सहकारी बैंक लि.	साधारण सभा सहभागी	सर्मिला अधिकारी
२	९/१४/२०८०	काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी लि.	साधारण सभा सहभागी	लक्ष्मीमाया प्रधान

क्र.सं.	मिती	संस्थाको नाम	शीर्षक	प्रतिनीधि
३	४/२०/२०८०	बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ प्रोस्कुन	साधारण सभा सहभागी	मैया के.सी.(महत)
४	२०८०/१२/१८,१९	बाग्मती प्रदेश सहकारी मन्त्रालय	उद्यमी महिलाहरुको सम्मेलन सहभागी	सर्मिला अधिकारी
५	४/२४/२०८०	जिल्ला सहकारी संघ लि.	साधारण सभा सहभागी	लिलाचा श्रेष्ठ मैया महत
६	९/३०/२०८०	पद्मावती साकोस	कार्यकुशलता तथा सिकाई व्यवथापन कार्यशाला	मनोज रायमाझी
७	५/१०/२०८०	नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफस्कुन	कार्यक्रममा सहभागी	मैया महत सर्मिला अधिकारी
८	२०८०/११/१४,१६	नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफस्कुन	तालिममा सहभागी **(CICTAB)**	मैया के.सी (महत)
९	२०८०/१२/२७,२८	काभ्रे पलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी लि.	सम्पती शुद्धिकरण निवारण **(goAML)**	मैया के.सी(महत) रक्षा निमोल्सना
१०	०४/२०/२०८०	बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ प्रोस्कुन	साधारण सभा सहभागी	सकुन्तला श्रेष्ठ
११	२०८०/०९/७, ८	नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफस्कुन	साधारण सभा सहभागी	मैया महत
१२	२०८०/०१/२६,२७	नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफस्कुन	तालिममा सहभागी **(ASC)**	सोबिता थापा मगर
१३	५/३१/२०८०	मोडेल बचत तथा ऋण सहकारी संस्था लि.	साधारण सभा सहभागी	मैया महत
१४	४/२१/२०८०	हेरे हसे बचत तथा ऋण सहकारी संघ लि.	कार्यकुशलता तथा सिकाई व्यवथापन कार्यशाला	मनोज रायमाझी
१५	२०८०/११/१६,१७	बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ प्रोस्कुन	साकोस समिट	मनोज रायमाझी
१६	८/९/२०८०	मेरुदण्ड पक्षघातसंघ काभ्रे	साधारण	मैया महत
१७	३/२६/२०८१	भूमि व्यबस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय	तालिममा सहभागि **(ToT)**	सकुन्तला श्रेष्ठ
१८	०/०/२०८१	नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफस्कुन	तालिममा सहभागि **(BDS)**	सकुन्तला श्रेष्ठ
१९	२/१३/२०८१	नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफस्कुन	तालिममा सहभागि	मोडेका चौलागाई

१६ एक वर्ष सम्मानित जेष्ठ नागरिक सदस्यः

क्र.स	सदस्यको नाम	सदस्य नं.	शिर्षक	सम्मान नगद
१	लाल कुमारी श्रेष्ठ	३९	गोरखनाथ समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
२	चिनिमाया देउजा	३७३	गौरीगाउ समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
३	पबित्रा मिजार	२३७	टुसाल समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
४	लक्ष्मीमाया श्रेष्ठ	[illegible]	सृजनशिल समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
५	मान कुमारी श्रेष्ठ	२९४१	बनेपा सेवाकेन्द्र	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
६	निरमया [illegible] घुमागाई	२०३९	बनेपा सेवाकेन्द्र	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
७	मैया [illegible]तकार	२८६३	बनेपा सेवाकेन्द्र	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
८	[illegible]नुना श्रेष्ठ कान्छी	७७०	पुण्यमाता समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
९	चेवनमाया माकजु	१०४१	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
१०	दिलहरी श्रेष्ठ	८१४	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
११	बिजुली चम्पा श्रेष्ठ	३०३१	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
१२	शुभद्रा धलाछे	३०२[illegible]	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
१३	चेबनमाया खड्गी	३०४१	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
१४	राधाप्यारी श्रेष्ठ	३१२१	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
१५	मैया श्रेष्ठ	३१२०	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
१६	माइतीमाया श्रेष्ठ	२६५३	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
१७	[illegible]नीमैया श्रेष्ठ	२९८०	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
१८	यमकुमारी तिमल्सिना	३१५९	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
१९	बेनुमाया श्रेष्ठ	३०९१	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
२०	माया देबी श्रेष्ठ	३०९८	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
२१	रत्नावती धलाछे	२६[illegible]	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
२२	मैया बस्नेत	२२५६	रक्तमाला समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
२३	ठुलीकान्छी महत	३९२	रक्तमाला समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
२४	दुपर्ता गौतम	२६९०	श्रीखण्डपुर समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
२५	मिनुमाया श्रेष्ठ	१४७	कालिका समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
२६	कान्छी थापा	१०९४	बनदेबी समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
२७	मेनुका देबी श्रेष्ठ	११५७	लखनामाई समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस
२८	मैया खत्रीनी	२९४८	सृजनशिल समुह	नगद रु ५०० दोसल्ला सम्मान पत्र हर्लिकस

१७. संस्थाबाट प्रतिनिधित्व गरिएको

क्र.स	विवरण नाम	प्रतिनिधित्व गरिको संघ संस्था	पद
१	हिमाली श्रेष्ठ	जिल्ला सहकारी संघ लि. काभ्रे	संचालक समिति सदस्य
२	तिर्थमाया प्रधान	का.प.जि. बचत संघ	[illegible]लाहाकार

१८. आ.व. २०८०/०८१ मा संस्थाद्वारा सम्मानित सदस्य एवं बाल सदस्यहरु ।

वार्षिक उत्कृष्ट सदस्यः

क्र.स	नाम	स.नं.	नाम थर	समूह	रकम रु.
१	शेयर	२६१	कार्यकारी श्रेष्ठ	श्वयेत गणेश समूह	शेयर १०००
२	नियमित बचत	८७९	अल्बना श्रेष्ठ	पुण्यमाता समूह	शेयर १०००
३	बालबचत	[illegible]	प्रनिशा श्रेष्ठ	सृजनशील समूह	शेयर १०००
४	ऋण	१३११	मनिषा श्रेष्ठ	सृजनशील समुह	शेयर १०००

उत्कृष्ट एवं [illegible] सम्मानः

क्र.स	नाम	समूह	आमाको नाम	शिर्षक	रकम रु.
१	आर्या भोछिभया ३.९	बनेपा सेवाकेन्द्र	कल्पना श्रेष्ठ [illegible]	निजि विद्यालय	१०००
२	युनिक देउजा ३.७५	पनोती ५	मनिका देउजा ५३७	निजि विद्यालय	१०००
३	राहुल सुवाल २.२५	धुलिखेल ६	[illegible]मा सूवाल ६८३	सरकारी विद्यालय	१०००
४	मन्जिता बलामी २.८	धुलिखेल [illegible]	मैया बलामी २७५६	सरकारी विद्यालय	१०००

बाल नृत्य प्रतियोगिता कार्यक्रम :

क्र.स	नाम	समूह	आमाको नाम	रकम रु.
१	सुदिक्षा के.सी	पनौती ५	दिपिका के.सी १८८५	२०००
२	पुर्मिका के.सी	पनौती ५	भवानी [illegible] ८५९	१०००
३	बिनीशा रायमाझी	पनौती ५	उष्[illegible]यमाझी १००१	५००

१९. **सामाजिक कार्य अर्न्तगत**

सामुहिक ब्रतबन्ध कार्यक्रममा सहभागी

क्र.स	नाम	[illegible]मूह	समूहको नाम
१	प्रतिक थापा	[illegible]गा थापा गुरुङ-३२४५	थापागांउ
२	आयूग जस्पाउ	अनिता जस्पाउ-३२५५	बनेपा [illegible]केन्द्र
३	रियाज कार्[illegible]जत	लक्ष्मी राउत-१९०	[illegible]तीका

२०. **आगमी कार्ययोजना**

क्षेत्र	कार्यक्रमको नाम	[illegible] गर्ने	सहकार्य	जिम्मेवारी
सामाजिक उत्तरदायित्व सम्बन्धि कार्यक्रम	स्वास्थ्य शिविर : पाठेघर		स्वास्थ्य चौकी	स्वास्थ्य उप समिति
	सामुहिक ब्रतबन्ध कार्यक्रम	माघ २१ गते	स्वः आयोजना	
	प्लाष्टिक मेचः गैरी गाउ कृष्ण मन्दिर		स्वः आयोजना	संञ्चालक समिति
	वृक्षारोपण कार्यक्रम	जेष्ठ महिना	स्वः आयोजना	उप समिति
	आर्थिक सहयोग		स्वः आयोजना	संञ्चालक समिति

क्षेत्र	कार्यक्रमको नाम	कहिले गर्ने	सहकार्य	जिम्मेवारी
बाल सदस्य केन्द्रित कार्यक्रमहरु	छात्रवृद्धि कार्यक्रम		स्वः आयोजना	बाल उप समिति
	बर्थ डे केक वितरण	आवश्यकता अनुसार	स्वः आयोजना	कर्मचारी व्यबस्थापन
	एस.ई.ई. सम्मान कार्यक्रम	असौ २९ गते	स्वः आयोजना	बाल उप समिति
	आत्मारक्षा सम्बन्धि तालिम		प्रहरी चौकी	बाल उप समिति
	कपि बितरण कार्यक्रम	भदौ १५ देखि ३०	स्व : आयोजना	बाल उप समिति
सदस्यहरुलाई सेवा अन्तर्गतको कार्यक्रम	तिज कार्यक्रम	भदौ १५	स्व : आयोजना	सञ्चालक सिमिति
	सहकारी शिक्षा एवं विस्तारित सेवा कार्यक्रम	आवश्यकता अनुसार	स्व : आयोजना	शिक्षा उप समिति
	उद्यम बिकास सम्बन्धि कार्यक्रम		स्व : आयोजना	सञ्चालक समिति
	धिमे बाजा संगित तालिम		स्थानिय तह	सञ्चालक समिति
	नब दुलहि भेट कार्यक्रम	आवश्यकता अनुसार	स्व : आयोजना	सञ्चालक समिति
	जेष्ट नागरिक सम्मान कार्यक्रम	चैत्र १३ गते	स्व : आयोजना	कृषि उप समिति
	कौशि खेती कार्यक्रम		स्व : आयोजना	सञ्चालक समिति
	सम्पर्क व्यक्ति भेला कार्यक्रम		स्व : आयोजना	सञ्चालक समिति
	बाटया धुप तालिम		स्व : आयोजना	सञ्चालक समिति
सञ्चालक/ले.सु.स क्षमता वृद्धि कार्यक्रम	भावि सञ्चालक/लेखा.स.स नेतृत्व बिकास तालिम	श्रावण २६	स्व : आयोजना	सञ्चालक समिति
	सञ्चालक/लेखा.स.स नेतृत्व बिकास तालिम	मंसिर	स्व : आयोजना	सञ्चालक समिति
	लेखा सुपरिवेक्षण समिति तालिम		स्व : आयोजना	सञ्चालक समिति
	रणनीति योजना निर्माण तालिम	फागुन	स्व : आयोजना	सञ्चालक समिति
	सहभागिता मुलक तालिम गोष्ठि		स्व : आयोजना	सञ्चालक समिति
संस्थागत कार्यक्रम	साधारण सभा	असोज १२ गते	सदस्य	सञ्चालक समिति
	वार्षिक उत्सब कार्यक्रम	चैत्र १३ गते	सदस्य	सञ्चालक समिति
	प्रोवेशन कार्यक्रम आयोजना	निर्णय अुनसार	नेफस्कुन	प्रोवेशन कार्यदल
	अर्ध वार्षिक समिक्षा	माघ महिना	सञ्चालक/लेखा समिति	सञ्चालक समिति
	आगामी कार्ययोजना बजेट निर्माण	असार	सञ्चालक समिति	सञ्चालक समिति

अन्तमा आजको यस सभामा तपाईहरुको उपस्थितिले थप बढि सेवामा समर्पित रहि संस्थालाई अगाडि लैजान हौसला प्राप्त भएको छ । प्रस्तुत प्रतिवेदनमा आ.व. २०८१/०८२ को आगामी कार्ययोजना पारित गरिदिनुहुन र सो अध्ययन गरी सकारात्मक सुझाव दिनु हुनेछ भनि कार्यक्रममा उपस्थित सबैलाई यहि आउदो विजया दशमी तथा दिपावलीको पावन अवसरमा सु स्वस्थ्य दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना दिदै बिदा हुन्छु।

धन्यवाद ।

जय सहकारी ! जय लक्ष्मी महिला !!!

कोषाध्यक्षको प्रगति प्रतिवेदन



शर्मिला अधिकारी
कोषाध्यक्ष

यस गरिमामय २६ औं वार्षिक साधारण सभाका सभापति तथा यस संस्थाका अध्यक्ष ज्यू, व्यस्तताको बाबजुद पनि हाम्रो आतिथ्यतालाई स्विकार गरि पाल्नु भएका श्रद्धेय प्रमुख अतिथि ज्यू, हाम्रो आमन्त्रणलाई स्विकार गरि पाल्नु भएका विशिष्ट अतिथि/अतिथीज्युहरु सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, विभिन्न उप समिति, कर्मचारी बर्ग लगाएत हाम्रा आदरणीय शेयर सदस्य महानुभावज्युहरु यस संस्थाको २६ औं गरिमामय वार्षिक साधारण सभा २०८१ को पावन अवसरमा संस्था एवं कोषाध्यक्षको तर्फबाट न्यानो सहकारीको अभिवादन व्यक्त गर्दछु।

आदरणीय सदस्यज्युहरु समुदायको आर्थिक स्थिती सवल बनाउन यस संस्थाको कार्यक्षेत्र भित्रको कुनाकुनामा छरिएर रहेका महिलाहरुको सि-साना पुँजी संकलन गर्ने बानी बसालेर संस्थामा आवद्ध शेयर सदस्यहरुलाई आर्थिक स्तर उठाउने संस्था स्थापना काल देखि आजका दिन सम्म संघर्ष गर्दै आईरहेको यहाँहरु समक्ष अवगत नै छ। ग्रामिण व्यावसाय गरेर आर्थिक अवस्था बलियो बनाउन सस्तो ब्याज दरमा ऋण लगानी सरल र सहज प्रक्रियाबाट कारोवार र सेवा दिइरहेको हुनाले संस्थाको आर्थिक कारोबार प्रगति तर्फ उन्मुख रहेको कुरा यस सभा समक्ष ज्यादै हर्षित छु।

हाल सम्म लक्ष्मी महिला साकोस मार्फत १६ प्रकारको बचत र १२ प्रकारको ऋण सेवाहरु प्रदान गर्दै आईरहेका छौ। जस अन्तर्गत लक्ष्मी महिला साकोसले बचतको जोखिमलाई न्युनिकरण गर्न र स्थायित्व प्रदान गर्नको लागि यस संस्थाको शेयर सदस्य भएको तीन महिना अनिवार्य नियमित बचतको हुनुपर्ने व्यवस्था गरेकाछौं। त्यस्तै ऋण तर्फ हरेक ऋणको शिर्षकमा अनिवार्य मासिक किस्ताको व्यबस्था र व्यबसायको प्रकृति अनुसार त्रैमासिक किस्ताको पनि व्यबस्था गरेको छौ। त्यस्तै यस संस्थाबाट सदस्यको आकर्षणलाई तिब्रता दिनको लागि बचत तथा ऋणको कारोबारमा विभिन्न शिर्षकमा प्रोत्साहन पुरस्कारको व्यबस्थापन गरेका छौं। उत्कृष्ट नियमित बचत, उत्कृष्ट ऋणी सदस्य, उत्कृष्ट शेयर सदस्य, उत्कृष्ट तीज बचतकर्ता जस्ता शिर्षकहरु मा संस्थाको साधारण सभा एंव स्थापना दिवसको अबसरमा पुरस्कृत गर्ने गरेका छौं। त्यस्तै हरेक वर्ष संस्थाले आर्जन गरेको नाफाबाट आवश्यक पर्ने सम्भना ऋणको जोखिमकोष व्यबस्थापन गरेर मात्र नियमावली अनुसार विनियममा व्यबस्था भए बमोजिम कोष बाडफाँड गर्ने गरेका छौ। त्यसकारण पनि हाल देशमा देखा परेका आर्थिक संकटको बेलामा पनि सदस्यहरुलाई कुनैपनि आर्थिक अभावको महशुस हुन दिएका छैनौं।

आदरणीय सदस्यज्युहरु यस संस्थाले प्रत्यक्ष तथा अप्रत्यक्ष आर्थिक सुविधा साथै अन्य प्रकारका विभिन्न सुविधाहरु संस्थाबाट दिदै आएका छौ। जस अन्तर्गत सदस्य हितका विभिन्न शिर्षकमा राहात व्यबस्था गर्दै आएका छौ। नव दुलाहि भेट प्रसुति भेट, बालबालिकालाई कपि बितरण, बालबालिकाको जन्म दिनको अवसरमा केक वितरण कार्यक्रम, जटिल प्रकारको रोगको उपचार एवं शारिरीक अंगभगं भएको अबस्थामा उपचार खर्च तथा सदस्य एवँ सदस्य श्रीमानको मृत्यु हुदा समेत राहातको व्यबस्था गरेको छ। साथै सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक कार्य, सामुदायिक कार्यहरुमा आर्थिक तथा अन्य तबरबाट पनि सधै सहयोग गर्दै आएका छौं।

यस संस्थाले संस्थामा शुसासन कायम राख्नको लागि नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. मार्फत संञ्चालित प्रोबेशन कार्यक्रममा आबद्ध भई वार्षिय स्तरको ब्राण्डको लागि निरन्तर लागि परेका छौ । त्यसकारण यो महत्वपुर्ण परिक्षणको घडिमा यँहाहरु सम्पुर्ण शेयर सदस्य, कर्मचारी साथिहरु पदाधिकारी सम्पुर्णले हातमा हात र साथमा साथ दिई समुदायको स्मार्ट वित्तिय सहकारी संस्था बनाउन सहयोग गर्नुहुने छ भन्ने विश्वास म यो सभामा दिन चाहान्छु

अब म आ.व.२०८०/०८१ मा संस्थाले हासिल गरेको यथार्थ आर्थिक उपलब्धी र आ.व. २०८१/०८२ को अनुमानित आर्थिक प्रतिवेदन सभा समक्ष पेश गर्न चाहान्छु। प्रतिवेदन तयार गर्दा संस्थाको स्रोत साधनको परिधिभित्र रहे तयार गरेको छु।

१. शेयर पुँजी :

आर्थिक वर्ष २०७९/०८० मा संस्थाको शेयर पुँजी रु. २,६७,९९,०००।- रहेकोमा आल आ.व. २०८०/०८१ असार सम्म थप रु. २६,७१,४००।- भई मसान्त सम्ममा रु २,९४,७०,४००।- रहेको छ।

२. सदस्यता :

संस्थामा गत वर्ष २७८२ जना सदस्य रहेकोमा यस वर्ष २८७ थप भई जम्म सदस्य संख्या ३०६९ जना पुगेको छ।

३. बचत तथा निक्षेप :

आर्थिक वर्ष २०७९/०८० मा संस्थाको कुल बचत निक्षेप रु १७,८८,१६,७५७ ८५।- रहेकोमा यस वर्ष थप निक्षेप रु ४,०३,४८,१६९.१६।- थप संकलन भई आ.व.०८०/०८१ असार मसान्तमा रु २२,३१,६४,९२७.०१।- रहेको छ।

४. ऋण लगानि :

संस्थाको गत आर्थिक वर्ष ०७९/०८० मा जम्मा ऋण लगानी रु १८,१६,४५,०९३।- रहेकोमा यस आर्थिक वर्ष ०८०/०८१ मा विभिन्न शिर्षकमा सदस्यलाई ऋण कारोबारमा जम्मा थप लगानी रु ९९,४४,९५२.३५।- भई आ.व. २०८०/०८१ को असार मासान्तमा ऋण रु १९,१५,९०,०४५.३५।- रहेको छ।

५. स्थिर सम्पति :

गत वर्षको स्थिर सम्पति रु ४४,७२,८८१.१८।- रहेकोमा यस वर्ष रु ३,५०,७९.९८।- थप गरि सम्पत्तिमा रु ५,५२,१२४.३३।- ह्रासकट्टि गरी बाँकि रु ४२७५३३६.८३।- रहेको छ।

६. आम्दानी तथा खर्च :

आ.व. २०८०/०८१ को असार मसान्त सम्म यस संस्थाले विभिन्न शिर्षकमा रु ३२२६३९४०.४५।- आम्दानि गरि संस्थाको प्रशासनिक खर्च रु २९२४४६२३.१५।- गरि मुनाफा रु ३०,१९,३१७.३०।- भएको छ।

७.कर्मचारी बोनस कोष व्यबस्था :

कुल आम्दानीबाट कुल खर्च घटाउदा आयकर तथा कर्मचारी बोनस व्यबस्था अघिको खुद बचत (मुनाफा) रु ३०,१९,३१७.३०।- (अक्षेरपी तिस लाख उन्नाई हजार तिन सया सत्र दशमलब तिस पैसा) हुन आउछ । जसमा आयकर छुट्याउनु अगाडि कर्मचारी बोनस कोषमा १० प्रतिशतका दरले नियम अनुसार रु ३,०१,९३१.७३ (अक्षेरपी तिन लाख एक हजार नौ सय एकतिस दशमलब त्रिहत्तर पैसा) छुटयाईएको छ।

८.खुद मुनाफा बाडँफाडँ :

आर्थिक वर्ष ०८०/०८१ मा हुन आएको खुद मुनाफा रु २०,५९,२९९.४९ लाई नियमावली व्यवस्था भएअनुसार विभिन्न कोषहरुमा बाडँफाडँ गरिएको छ।

अब म ०८१/८२ को अनुमानित आय व्यय विवरण पेश गर्न चाहन्छु यस वर्ष आम्दानी रु ४,२८,६२०००।-(चार करोड अठाईस लाख बैसठ्ठी हजार) र खर्च रु ३,८१,८९,६६०।– (तिन करोड एकासी लाख उनानब्बे हजार छ सय साठी) गरि नाफा रु ४६,७२,३४०।– (छयालिस लाख बहत्तर हजार तिन सय चालिस) हुने अनुमान गरिएको छ।

इक्वीटी (पूँजी) तथा दायित्व					
शीर्षक	अघिल्लो आ.व.को कायम रहेको रकम	वृद्धि हुने रकम	वृद्धि प्रतिशत	आगामी वर्षको लागि प्रक्षेपित कूल रकम	कैफियत
शेयर पूँजी	२९४७०९००	१०००००८	३%	३०४७०९००	
कोष हिसाब	१७३९२५२३	४२७१.८	२०%	२०८३५२३४.७४	
बचत/निक्षेप	२१७६६७०७९	५५०००००	२६%	२७२६६७०७८.७	
बाह्य ऋण	०	२२८२६७८७	०	२२८२६७८६.६	
ऋण जोखिम कोष	५०००००	२५०००००	५०%	७५००००	
अन्य दायित्व	६२६४३४.९३	७३५६५.०७	१०५%	७०००००	
अवितरित नाफा	२२७३७०५.०७	०		०	
कूल जम्मा	२७२४३०६४२	८४८४३०६३	७६%	३५५००००००	
सम्पत्ति					
नगद	७६१७९०	३८२५०	५%	८०००००	
बैंक मौज्दात	६९४४९८५९	४१४१	०%	६९५०००००	
लगानी हिसाब	५०४६२३५.६८	५२३७६४.३२	३%	५२०००००	
सदस्यलाई ऋण लगानी	१९०२०७३२५	८२२९२६७५	४३%	२७२५०००००	
पाउनु पर्ने	२०६०[illegible].२१	-२६०६०७.२	-१३%	१८०००००	
स्थिर सम्पत्ति	४५[illegible]८०१८.३७	२५१९८१.६३	६%	४८०००००	
अन्य सम्पत्ति	३५६८०६.१४		१२..१०%	[illegible]०००००	
कूल जम्मा	२७२४३०६४२			[illegible]५५००००००	

आ.व. ०८१/०८२ का अनुमानित खर्च तथा आम्दानिका स्रोतहरु ।

कूल आम्दानी तथा खर्च

सिस्टम संकेत नं	विवरण	गतको यथार्थ	अनुमानित
१६०.१.२	पासबुक	६००	१०००
१६०.२.१	ऋण लगानीबाट व्याज आम्दानी	२०६०५०७४.३	३५४२५०००
१६०.२.२	हर्जना प्राप्ती	६९६५९२.२९	१०००[illegible]०
१६०.३.१.२	विभिन्न मांग मार्फत नियमित बचत व्याज आम्दानी	३४६२७.५७	[illegible]०००००
१६०.३.१.३	मुद्धति व्याज आम्दानी	[illegible]	१४५००००
१६०.३.१.५	लाभांष आम्दानी	७०[illegible]२९	२५०००००

सिस्टम संकेत नं	विवरण	गतको यथार्थ	अनुमानित
१६०.३.१.६	संरक्षित पुँजी आम्दानी	०	१५००००
१६०.३.२.१	विभिन्न संघ/बैक मार्फत व्याज आम्दानी	२३२०७९२.३८	२५०००००
१६०.४.२	खाता बन्दि शुल्क	५५२९.५१	६०००
१६०.४.३	ऋण व्यवस्थापन आबेदन आम्दानी	९३५००	१००००
१६०.४.५	संस्था बिकास शुल्क	१०७४२१०	१५०००००
१६०.४.७	धितो मूल्यांकन आम्दानी	५००	५०००
१६०.४.८	विविध आम्दानी	२२३५०.२	३०००००
१६०.८.१	प्रवेश शुल्क	७९४२०	१०००००
१६०.८.२	सदस्यता शुल्क	१७२१०	२५०००
	जम्मा आम्दानी	२५२२१९७७	४२८६२०००

खर्च विवरण

सिस्टम संकेत नं	विवरण	गतको यथार्थ	अनुमानित
१५०.२.१	सञ्चालक समिति परिलक्ष	७३४६००	९८३०००
१५०.३.१	कर्मचारी भत्ता	३७३४९६	४५०००००
१५०.३.३	कर्मचारी प्रोत्साहन	९२८००	१५०००००
१५०.३.४	कर्मचारी जीवन बिमा	१९१६०	१६४०००
१५०.४.३	कार्यालय भाडा	१२००००	२५००००
१५०.५.२	मसलन्द	४६८८००	२०००००
१५०.५.३	क्यालेण्डर छपाई खर्च	७९१००	१०००००
१५०.५.४	बाल सदस्य कपि छपाई		३०००००
१५०.६.१	मर्मत संभार	७०३९५	१०००००
१५०.७.१.१	बचतमा व्याज खर्च	८३८९५७६.१७	१४०२५०००
१५०.७.२.१	मुद्धति व्याज खर्च	५४७२७४९.७८	९३५००००
१५०.८.१	अन्य खर्च	२३६२०९.०९	३५००००
१५०.८.३	बर्थ डे पार्टी खर्च	२३३५००	६३९५००
१५०.८.४	नव दुलहि भेट खर्च	८८०५	२००००
१५०.८.६	नविकरण खर्च	१४५४९	२००००
१५०.८.७	शुल्क	१७३	१००००
१५०.८.८	तिज कार्यक्रम खर्च	२२४८९८	१५०००००
१५०.८.९	खुत्रुके खर्च		४००००
१५०.८.१०	सदस्य बिस्तार खर्च	३८८२०	५००००
१५०.८.११	कर्मचारी खाजा खर्च	७८७१५	१०००००
१५०.९.१	ह्रासकटि खर्च		७०००००
१५०.१०.१	ईन्धन खर्च	३९०००	५०००००
१५०.११.३	बैठक व्यवस्थापन खर्च	७८८१०	१०००००
१५०.१६.१	व्याजमा छुट(रिवेट) खर्च	६४२३५३.०५	१००००००

सिर्जना पहिचान नं	विवरण	गतको यथार्थ	अनुमानित
१५०.१७.२	विद्युत महशुल खर्च	२९४८१	५००००
१५०.१८.१	टेलिफोन सेवा खर्च	१९५००	२५०००
१५०.१८.२	ईन्टरनेट खर्च	७५२०९	१०००००
१५०.१८.३	पत्रपत्रिका खर्च	४५९३६	५००००
१५०.२०.१	तालिम तथा शिक्षण खर्च	१२८०२७	५००००
१५०.२१.२	साधारण सभा खर्च	१०५५८५५.५२	१५५००००
१५०.२१.५	स्थानीय तह निर्वाचन खर्च		२५०००
१५०.२२.२	ब्रतबन्ध खर्च	२७५२०	३००००
१५०.२२.३	वृद्ध भ्रमण खर्च		५००००
१५०.२४.२	प्रावेशन नविकरण खर्च		१५००००
१५०.२४.३	संस्था वार्षिक उत्सब खर्च	४८१५०	५००००
१५०.२६.१	लेखा परिक्षक शुल्क खर्च		७५०००
१५०.२७.६	बिमा खर्च	२८७६१	४५०००
१५०.३०.२	कर्मचारी ग्रेड खर्च	९६४७१	२०००००
१५०.३०.३	पारिश्रमिक खर्च	२७५९५९२	२७७८०००
१५०.३०.५	सामाजिक सुरक्षा कोष खर्च	५६९६१९	७५००००
१५०.३०.६	कर्मचारी दशै भत्ता खर्च	२१०४८	३२९०००
१५०.३०.७	कर्मचारी संचित बिदा खर्च	१२८४७९	३२९०००
१५०.३०.९	कर्मचारी औषधि उपचार खर्च		३२९०००
१५०.३०.१०	संस्थागत अध्ययन अवलोकन भ्रमण खर्च	१६७२४०	०
१५०.३२.१	सफ्टवयेर डाटा व्याकअप खर्च	३६१६०	३६१६०
१५०.३२.२	सफ्टवयेर खर्च	७४५००	१५००००
जम्मा खर्च		२२९४८२७२	३८१८९२५०
खुद नाफा		२२७३७०५.१	४८७२३४०

अन्तमा : यस संस्थाका २६ औं गरिमामय वार्षिक साधरण सभामा आफ्नो अमुल्य समय दिई पाल्नु हुने प्रमुख अतिथिज्यू,सम्पुर्ण उपस्थित अतिथिज्यरुहरु,पत्रकार मित्रहरु र उपस्थित सम्पुर्ण शेयर सदस्यज्यूहरुमा पुन : सहकारीमय अभिवादनका साथै आ.व. ०८१/०८२ को अनुमानित आय व्यय, नाफा-नोक्सान हिसाब परित गरिदिनुहुन हार्दिक अनुरोध गर्दै यहि आउदो विजय दशमि तथा शुभ दिपावलीको अबसरमा देश तथा विदेशमा रहनुहुने सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा खुसि छाओस् हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै आजको आर्थिक प्रगति प्रतिवेदन यहि अन्त्य गर्न चाहान्छु।

धन्यवाद ।
जय सहकारी ॥ जय लक्ष्मी महिला ॥।

धितोको लागि आवश्यक कागजातहरू

१. जग्गाधनि लाल पुर्जा।
२. चालु आ.व. को तिरो वा एकिकृत सम्पत्ति कर तिरेको रसिद।
३. धितोको नापी नक्सा (फिल्ड नक्सा, फाईल नक्सा, ब्लु प्रिन्ट)।
४. सम्बन्धित वडाबाट चार किल्ला प्रमाणित सिफारिस।
५. घरको हकमा सम्बन्धित न.पा.ले प्रमाणित गरको नक्सा पास प्रमाण पत्र।
६. नेपाली नगरिकता प्रमाणपत्र प्रतिलिपि।
७. एकाघर परिवारको धितो भएमा सम्बन्धितको मञ्जुरीनामा।
८. व्यवसायिक ऋणको हकमा सम्बन्धित प्यान/भ्याट को दर्ता प्रमाण पत्र प्रतिलिपि।
९. व्यबसायको हकमा व्यबसायिक परियोजना विवरण।
१०. ऋणी मञ्जुरीनामा एवं व्यक्तिगत जमानीको फोटो, नागरिक्ता फोटोकपी।
११. आयस्रोत प्रमाणित कागजात।
१२. सवारी साधनको हकमा सवारीको २ प्रति फोटो, फुल बिमा, ब्लु बुक, फोटो कपि नागरिक्ता रुट परमिट आदि।
१३. नाता प्रमाणित कागजात।

सहकारी संस्थाको कर्जा नतिर्दा के हुन्छ ?

- ब्याज बढ्दै जान्छ। तिर्नुपर्ने रकम थपिदै जान्छ। लागत बढ्छ।
- भाखा नाघ्छ। खराब ऋणीमा परिन्छ।
- समितिमा, कर्मचारीमा चर्चा हुन्छ, निगरानी बढ्छ, अरुहरुसँग देख्छन्की भनेर छल्लेर हिड्नु पर्छ।
- कालो सूचीमा परिन्छ। सहकारी संस्था नगरिकको सार्वजनीक गर्न बाध्य हुन्छ।
- छरछिमेक, वरपरका मान्छेले हेर्ने दृष्टिकोण राम्रो हुँदैन।
- सहकारी बाहेक अन्य अरुकहाँ पनि धितो कर्जा दिदैन। एक पटक लिएको कर्जा नतिर्दैमा जिन्दगी जाने होइन। फेरी व्यापार व्यवसाय गर्न, अफ्ठयारो टार्न सहकारी संस्था नै चाहिन्छ। सहकारीबाट फेरी कर्जा लिने दिन आउँछ।
- तपाईले भाखा नघाए अरु सदस्यले कारोबार गरेर कमाएको मुनाफाबाट छ। जोखिमको लागि पैसा लुकाउनु पर्छ। जसले गर्दा संस्थाको मुनाफा घटेर सदस्यहरुको बोनस घट्छ।
- सदस्यहरुको बचत मार्फत भएको रकम सहकारी संस्थाले लगानी गरेको हुन्छ। सहकारीले लगानी गर्ने पैसा तपाई हामी सबैको हो। सहकारीको कर्जा नतिर्दा मोलाई पनि अप्ठ्यारो पर्न सक्छ।
- घर परिवारमा भै-झगडा हुन्छ। यसले तपाईको मेरा छोरीलाई धेरै असर पार्छ।
- अहिले सम्म कर्जा लिएको पैसा कतै खर्च भएको छैन। कर्जा मिनाहा हुन्छ भन्ने भ्रममा नपरौं।
- सहकारी संस्थाबाट कर्जा लिएर हजारौं सदस्यले व्यापार व्यवसाय गरेर प्रगति गरेका छन्। तपाई पनि उद्यमी बन्ने तिर लाग्नुस्।
- सहकारीका कर्मचारीहरु तपाईका शुभचिन्तक हुन्। तपाईलाई अवश्य सहयोग गर्नेछन्।
- समयमै कर्जा तिरौं। समय विते पछि पछुताउनु बाहेक अरु विकल्प हुँदैन।

SHRESTHA SUNIL & ASSOCIATES
Chartered Accountants

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन,

शेयर सदस्य ज्यू,

लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

राय सहितको राय,

हामीले लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि. (यस पछि "संस्था" भनिएको छ) यसै साथ संलग्न मिति २०८१ आषाढ मसान्तको वित्तीय स्थिति विवरण (वासलात), सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरु संग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहित भाग व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, संलग्न वित्तीय विवरणहरुले संस्थाको, २०८१ आषाढ मसान्तको वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सान, नगद अवस्था, नगद प्रवाह र इक्वीटीमा भएको परिवर्तनको प्रचलित कानुनको अधिनमा रही सहकारीको लागि नेपाल लेखामान बमोजिम उचित र यथार्थ चित्रण गर्दछ ।

कैफियत राय व्यक्त गर्ने आधारहरु,

हामीले लेखापरीक्षणको सर्वमान्य सिद्दान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुन लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । सो अनुरुप हाम्रो जिम्मेवारी लेखापरीक्षकको दायित्वमा उल्लेख गरिएको छ । हामी नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले जारी गरेको आचार संहिता (code of Ethics) बमोजिम संस्थाबाट स्वतन्त्र छौं । यी आचार संहिता (Code of Ethics) बमोजिम नैतिक जिम्मेवारी बहन गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षकको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा तथा अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्बन गरेका लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । लेखापरीक्षण प्रकृयाले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

नेपाल लेखापरीक्षण मानको आधारमा तयार गरिएका वित्तीय विवरणहरुमा देखिएका कैफियतहरु :-

१. संस्थाद्वारा सहकारी विभागद्वारा जारी गरिएको ऋण नोक्सानी व्यवस्था सम्बन्धी प्रावधान अनुसार गरिएको पाईएन ।

२. संस्थाद्वारा अवितरित शेयर लाभांश कोष (विनियम बमोजिम) र संरक्षित पूंजी फिर्ता कोष (सहकारी नियमावली बमोजिम) को रकम जगेडा कोषमा स्थान्तरण गरिएको पाईएन ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

Contact No: +977-9851238831
Email: info@sns-associate.com, ca.ms.hasunil@gmail.com
New Baneshwor, Opposite Ramailo Parivar Banquet, Kathmandu, Nepal

अन्य व्यहोरा, (Other Matter)

लेखापरीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसंग सम्बन्धित कमीकमजोरीहरु तथा सो निराकरणका लागि दिइएका सुझावहरु (व्यवस्थापन पत्र) प्रति ध्यानाकर्षण गर्दछौं ।

अन्य जानकारी, (वित्तीय विवरणसाथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेकको)

वित्तीय विवरणसाथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसंगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको संस्थाको समितिहरुको प्रतिवेदन पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखापरीक्षण प्रतिवेदन मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरणमाथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी यस्ता अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसंग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा देखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा, यदि अन्य जानकारीहरु सारभूत रुपमा गलत वर्णन गरिएको निष्कर्षमा निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो ।

हामीलाई त्यस्ता प्रतिवेदनहरु प्राप्त भए पश्चात सो को अध्ययन गरि कुनै सारभूत असंगत तथ्यहरु रहेको पाइएमा त्यस्तो सारभूत असंगत तथ्यहरु को बारेमा शासकीय भूमिका बहन गर्नेहरु समक्ष सूचित गर्नेछौं ।

वित्तीय विवरण तयार गर्ने व्यवस्थापनको दायित्व,

प्रचलित ऐन कानुन तथा नेपाल लेखामान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु संस्थाको व्यवस्थापनको जिम्मेवारी हो । उक्त जिम्मेवारी अन्तर्गत वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यन्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राखने कार्यहरु पर्दछन् र जसमा वित्तीय विवरणमा त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आंकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनौट र कार्यान्वयन गर्ने र आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न (Going Concern) व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै संस्थालाई लिकुइडेट गर्ने वा संचालन बन्द गर्न नियत भएमा वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न निकायलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । यो बाहेक व्यवस्थापनको पूर्ण रुपमा जिम्मेवार रहेछ । संस्थाको व्यवस्थापनका तर्फि उत्तरदायी पक्षले संस्थाको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको दायित्व,

व्यवस्थापनले तयार गरेका वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । संस्थाले वित्तीय विवरण तयार गर्दा अवलम्बन गरेको लेखा सिद्धान्त, लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र व्यवस्थापनले गरेका महत्वपूर्ण लेखाअनुमानको उपयुक्तता एवं वित्तीय विवरण प्रस्तुतिको समग्र पक्षको मूल्यांकन गर्ने कार्यसमेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ । वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मानक अनुसार योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने यथेस्ट प्रमाण संकलन

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

गर्ने, प्रमाणको छड्के परीक्षण कार्यविधि समेत लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिका कारण सारभूत रुपमा गलत आंकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ ।

लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीमा उपयुक्तताबारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उदेश्य राखिएको छैन । लेखापरीक्षण परिधि तथा अवधि, लेखापरीक्षण कैफियत तथा आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमि कमजोरीका बारेमा व्यवस्थापनलाई सुझाव पेश गर्नु हाम्रो जिम्मेवारी हो र सो अनुरप हामीले व्यवस्थापनलाई सुझाव पेश गरि सकेका छौं ।

स. [illegible] र नियमहरु बमोजिम हाम्रो प्रतिवेदन,

उपरोक्त अनुसार हामीले परीक्षण गरेको विवरणहरुको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं;

- लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टीकरणहरु उपलब्ध भएका छन् । हिसाब किताब, श्रेस्ता सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम नियमितपूर्वक राखिएको पाइयो,
- यस प्रतिवेदनसँग सम्बन्धित वासलात तथा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण सहकारी विभागबाट जारी भएका निर्देशनहरु एवं प्रचलित कानुनलाई आधार मानी तयार गरिएका छन् र संस्थाले राखेका हिसाब किताबसँग दुरुस्त रहेका छन्,
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रहेको पाइयो,
- हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट संचालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्द कामकाज गरी हानी नोक्सानी गरेको वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौं ।

Shrestha Sunil & Associates Chartered Accountants Kathmandu

सि.ए. सुनिल श्रेष्ठ

प्रोपाईटर

श्रेष्ठ सुनिल एन्ड एसोसिएट्स,

चार्टर्ड एकाउन्टेन्ट्स

स्थान: पनौती, काभ्रे

मिति: २०८१/०४/३१

UDIN: 240818CA01697z5NQD

लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि.

पनौती न.पा.-५, चौकोट, काभ्रेपलाञ्चोक

आषाढ ३१, २०८१ को

वित्तिय स्थितिको विवरण (वासलात)

रकम रु.मा

विवरण	अनुसूची	यस वर्ष	गत वर्ष
१. इक्विटी तथा दायित्वहरू			
१.१ शेयर पूंजी	१	२९,४७०,४००.००	२६,७९९,०००.००
१.२ कोष हिसाब तथा अन्य व्यवस्था	२	२५,४६५,९५४.९९	२६,४६८,८५९.९६
१.३ बचत तथा निक्षेप	३	२२३,१६४,९२८.८१	१७८,८१६,७५७.८५
१.४ चालु दायित्व	४	४,७८,६४८.६९	४,०२५,०६०.४५
कुल पूंजी तथा दायित्वहरू		२८३,२७९,९२९.८९	२३६,१०९,६७८.२६
१. सम्पत्ति तथा जायादात			
१.१ जायजेथा, प्लान्ट तथा उपकरण	५	४,२७५,३३६.८३	४,४७२,८८१.१८
१.२ लगानी			
१.२.१ शेयर तथा आवधिक निक्षेप लगानी	६	२५,०६०,४७६.६०	४,८१४,२७१.२४
१.२.२ ऋण लगानी	७	१९१,५९०,०४५.३५	१८१,६४५,०९३.००
१.३ चालु सम्पति			
१.३.१ नगद तथा नगद सरह	८	५५,८१०,०६७.८८	३९,९२०,२५८.७३
१.३.२ अन्य चालु सम्पति	९	५,५१४,०७३.२३	५,१७७,१७४.११
कुल सम्पति		२८३,२७९,९२९.८९	२३६,१०९,६७८.२६

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

१. सम्भावित दायित्व (Contingent Liabilities)
२. प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरु

माथि उल्लेखित अनुसूचीहरु वित्तीय विवरणका अभिन्न अंग हुन् ।

मनोज रायमाझी प्रमुख कार्यकारी अधिकृत	सोबिता थापामगर लेखा संयोजक	सकुन्तला श्रेष्ठ सचिव
सर्मिला अधिकारी कोषाध्यक्ष	मैया महत अध्यक्ष	लेखापरीक्षण गरिएको सिद्धार्थ सुनील श्रेष्ठ श्रेष्ठ एण्ड एसोसिएटस चार्टर्ड एकाउन्टेन्ट

Shrestha Sunil & Associates ★ Chartered Accountants ★ Kathmandu

लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि.

पनौती न.पा.-५, चौकोट, काभ्रेपलाञ्चोक

२०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मको

नाफा नोक्सान हिसाब

रकम रु.मा

सि.न.	विवरण	अनुसूची	यस वर्ष	गत वर्ष
१.१	ब्याज आम्दानी	१०	२८,७८१,५४५.७०	२३,६०७,१२६.४९
१.२	ब्याज खर्च	११	१८,१२८,१६७.००	१५,७७५,५७४.८४
क.	खुद ब्याज आम्दानी		१०,६५३,३७८.७०	१०,८३१,५५१.६५
१.३	कमिशन तथा डिस्काउन्ट			-
१.४	अन्य संचालन आम्दानी	१२	२,७४५,८२४.५४	२,८७०,४६०.८६
ख.	कुल संचालन आम्दानी		१३,३९९,२७३.२४	१३,७०२,०१२.५१
१.५	कर्मचारी खर्च	१३	५,२७७,०६७.००	३,८७२,००६.६०
१.६	अन्य संचालन खर्च	१४	४,७०८,१५३.९४	४,०१८,८०७.९२
ग.	नोक्सानी व्यवस्था अघिको कुल संचालन आम्दानी		३,४१४,०५२.३०	५,८११,१९७.९९
१.७	ऋण नोक्सानी व्यवस्था वापत खर्च	२	३९४,७३५.००	-
घ.	संचालन मुनाफा		३,०१९,३१७.३०	५,८११,१९७.९९
१.८	गैर संचालन आम्दानी (अनुदान आम्दानी)		-	-
१.९	ऋण नोक्सानी व्यवस्थाबाट फिर्ता		-	-
ङ.	नियमित कारोबारबाट भएको मुनाफा		३,०१९,३१७.३०	५,८११,१९७.९९
१.१०	असामान्य कारोबारबाट भएको मुनाफा		-	-
च.	सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा		३,०१९,३१७.३०	५,८११,१९७.९९
१.११	कर्मचारी बोनस व्यवस्था		२७१,९३१.७३	५८१,१९९.८०
छ.	आयकर अघिको नाफा		२,७१७,३८५.५७	५,२३०,०७८.१९
१.१२	आयकर व्यवस्था		२५८,०८६.०८	२५०,८२०.६६
	क) यस वर्षको कर व्यवस्था		२५८,०८६.०८	२५०,८२०.६६
	ख) विगत वर्ष सम्मको कर व्यवस्था		-	-
	खुद नाफा/(नोक्सान)		२,४५९,२९९.४९	४,९७९,२७७.९३

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

मनोज रायमाझी
प्रमुख कार्यकारी अधिकृत

सोबिता थापामगर
लेखा संयोजक

सकुन्तला श्रेष्ठ
सचिव

सर्मिला अधिकारी
कोषाध्यक्ष

मैया महत
अध्यक्ष

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

लेखापरीक्षित
सिद्धार्थ सुनील श्रेष्ठ
श्रेष्ठ एण्ड एसोसिएटस चार्टर्ड एकाउन्टेन्ट

लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि.

पनौती न.पा.-५, चौकोट, काभ्रेपलाञ्चोक

२०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको

नाफा नोक्सान बाँडफाँड हिसाब

रकम रु.मा

सि.न.	विवरण		यस वर्ष	गत वर्ष
१	यस वर्षको खुद नाफा(नोक्सान)		२,४५९,२९९.४९	४,९७९,२५७.५३
	जम्मा(क)		२,४५९,२९९.४९	४,९७९,२५७.५३
२	साधारण जगेडा कोष	२५%	६१४,८२४.८७	१,२४४,८१४.३८
३	पहिलो कोष पछिको बाँकी कोष	१००%	१,८४९,४७४.६२	३,७३४,४४३.१५
३	संरक्षित पूंजी फिर्ता कोष	२५%	४६१,११८.६६	९३३,६१०.७९
४	सहकारी प्रवर्द्धन कोष	०.५%	९,२२२.३७	१८,६७२.२२
	बाँकी अन्य कोष	१००	१,३७४,१३३.५९	२,७८२,१६०.१५
५	शेयर लाभांस कोष	६०%	८२४,४८०.१६	१,९४७,५१२.१०
६	घाटा पुर्ति कोष	५%	६८,७०६.६८	१३९,१०८.०१
७	सहकारी शिक्षा कोष	१५%	२०६,१२०.०४	४१९,१०८.०१
८	सहकारी विकाश कोष	५%	६८,७०६.६८	१३९,१०८.०१
९	सामुदायिक विकाश कोष	५%	६८,७०६.६८	१३९,१०८.०१
१०	स्थिरीकरण कोष	५%	६८,७०६.६८	१३९,१०८.०१
११	अन्य जोखिम व्यवस्थापन कोष	५%	६८,७०६.६८	१३९,१०८.०१
	जम्मा		२,४५९,२९९.४९	४,९७९,२५७.५३

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

मनोज रायमाझी प्रमुख कार्यकारी अधिकृत	सोविता थापामगर लेखा संयोजक	कुन्तला श्रेष्ठ सचिव
सर्मिला अधिकारी कोषाध्यक्ष	[illegible] अध्यक्ष	लेखापरीक्षक सि.ए. सुनिल श्रेष्ठ श्रेष्ठ एण्ड एसोसिएटस चार्टर्ड एकाउन्टेन्ट

लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि.

पनौती न.पा.-५, चौकोट, काभ्रेपलाञ्चोक

२०८० श्रावण ०१ देखि २०८१ असार मसान्त सम्मको

नगद प्रवाह विवरण

रकम रु. मा

विवरण	यस वर्ष	गत वर्ष
संचालन गतिविधिबाट नगद प्रवाह		
बोनस खर्च पछि कर अघिको मुनाफा	२,७१७,३८५.५७	५,२[illegible].१९
जोड्ने :		
१. स्थिर सम्पति विक्रिमा नोक्सान	-	-
२. कर्जा नोक्सानी व्यवस्था	-	-
३. कर्मचारी बोनस [illegible]	३०१,९[illegible].७६	५८१,११९.८०
४. ह्रास कट्टी	५[illegible].३३	४७३,०१३.८३
कार्यशील पूंजी भएको परिवर्तन		
[illegible]प हिसावमा वृद्धि (कमी)	४४,३४८,१६९.१६	७,९८९,०६४.५७
२. अन्य दायित्वमा वृद्धि (कमि)	१४६,३२२.८२	१,८७८,४२४.२२
३. ऋण लगानीमा कमी (वृद्धि)	(९,९४४,९५२.३५)	(१२,१७९,१४८.००)
४. अन्य सम्पतिमा कमी (वृद्धि)	(१५१,७३७.१९)	(१,२८१,३३४.८४)
आयकर भुक्तानी अगाडी संचालनबाट नगद प्रवाह	**३७,९४४,७४४.०७**	**२,६९१,२१७.७७**
घटाउने :		
यस आ.व. मा आयकर (भुक्तानी) र फिर्ता	(४६५,९१२.५९)	(४[illegible],६[illegible].६)
कुल संचालन गतिविधिबाट बगद प्रवाह (क)	**३७,४७८,८३१.४८**	[illegible],[illegible]३,२६५.८१
लगानी गतिविधिको नगद प्रवाह		
लगानीमा कमि (वृद्धि)	(२०,१६६,२०५.३६)	९,८८६,०३३.०२
स्थिर सम्पतिमा कमी (वृद्धि)	(३३०,०७९.९८)	(७०४,६०५.००)
गैर बैंकिंग सम्पत्तिमा कमी (विक्रि)	-	-
अपलेखन गरेको ऋण असूली	-	-
कुल लगानी गतिविधिबाट नगद प्रवाह (ख)	[illegible],४९६,२८५.३४)	**९,१८१,४२८.०२**
वित्तीय गतिविधिको नगद प्रवाह		
चुक्ता शेयर पूंजीमा भएको वृद्धि (कमि)	२,६७१,४००.००	१,५८८,८००.००
ऋण सापटीको रकममा कमि (वृद्धि)	-	-
कोषमा सोझै प्राप्त रकम	३,३००.००	१३,९७५.००
लाभांश तथा कोषवाट गरिएको भुक्तानी	(३,७६७,४३६.९९)	(५,४०८,०१[illegible].७३)
कुल वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)	**(१,०९२,७३६.९९)**	**(३,८०[illegible],२३८.७४)**
कुल गतिविधिबाट नगद प्रवाह (क+ख+ग)	**१५,८८९,८०९.१५**	[illegible],५६९,[illegible]५५.१०
गत वर्षको बैंक तथा नगद मौज्दात	३९,९२०,२५८.७३	[illegible],५०,५०३.६३
कुल नगद तथा बैंक मौज्दात	**५५,८१०,०६७.८८**	**३९,९२०,२५८.७३**

आजका मितिमा सलग्न हाम्रो प्रतिवेदन अनुसार

मनोज रायमाझी	सोबिता थापामगर	सकुन्तला श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत	लेखा संयोजक	सचिव
सर्मिला अधिकारी	मैया महत	लेखापरीक्षक
कोषाध्यक्ष	अध्यक्ष	सिद्धार्थ सुनील श्रेष्ठ
		श्रेष्ठ एण्ड एसोसिएटस चार्टर्ड एकाउन्टेन्ट

लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि.

पनौती न.पा.-५ [illegible]कोट, काभ्रेपलाञ्चोक
२०८० श्रावण ०१ देखि [illegible]१ आषाढ मसान्त सम्मको

इक्विटि परिवर्तनको विवरण

रकम रु. मा

विवरण	शेयर पूँजी	साधारण जगेडा कोष	शेयर लाभांश कोष	सदस्य पूंजी फिर्ता कोष	ऋण नोक्सानी कोष	अन्य कोषहरु	कुल रकम
२०८० श्रावण १ को मौज्दात	२६,७९९,०००.००	[illegible]५४,३८८,९४५.५३	२,५१६,०२३.५६	९३३,६१०.७९	५,०००,०००.००	३,६३[illegible]८०.०८	५३,२६७,८५९.९६
लेखानीतिमा परिवर्तन	-	-	-	-	-	-	-
सम्पत्ति पुनर्मूल्यांकनमा बचत	-	-	-	-	-	-	-
लगानी पुनर्मूल्यांकनमा बचत	-	-	-	-	-	-	-
कोषबाट गरीएका (खर्च) / अपि हरु	-		(२,३३६,५६१.११)	(९०२,६[illegible]५२)	३९४,७३५.००	(९२२,९३०.३६)	(३,७६७,४३६.९९)
कोषमा सोझै थपिएको (खुद)	-	३,३[illegible]	-	-	-	-	३,३००.००
कोषहरुबाट सारीएका	-	३५७,१८८.[illegible]	-		-	(३५७,१८८.०४)	-
शेयर पूँजी निष्कासन वा जारी (खुद)	२,६७१,४००.००	-	-	-	-	-	२,[illegible]१,४००.००
यस वर्षको नाफाबाट बोंडफोंड	-	६१४,८२४.८७	८२४,४८०.१६	४६१,११८.६६	-	८६०,८०७.५४	२,७[illegible],२३१.२२
मौज्दात २०८१ आषाढ मसान्त	[illegible],४७०,४००.००	१५,३६४,२५८.४४	[illegible],९४२.६१	४९२,०४८.९३	[illegible]४,७३५.००	३,२१०,९६९.२२	५४,९३६,[illegible]४.१९

[illegible]रायमाझी	सर्मिला अधिकारी	सोबिता थापामगर	सकुन्तला श्रेष्ठ	मैया महत	लेखापरीक्षक
प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा संयोजक	सदस्य	अध्यक्ष	सि.ए. सुनिल श्रेष्ठ श्रेष्ठ एण्ड एसोसिएटस चार्टर्ड एकाउन्टेन्ट

लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि.

पनौती न.पा.-५ चौकोट, काभ्रेपलाञ्चोक
२०८० श्रावण ०१ देखि २०८१ आषाढ मसान्त सम्मको

इक्विटि परिवर्तनको विवरण

विवरण	सहकारी शिक्षा कोष	सहकारी विकास कोष	[illegible] प्रवर्द्धन कोष	घाटापुर्ति कोष	सामुदायिक विकास कोष	रिग्रो [illegible]	कर्मचारी बोनस कोष	सदस्य हित तथा राहत कोष	स्थिरीकरण कोष	अन्य जोखिम व्यवस्थापन कोष	विभिन्न कोषहरुका कुल रकम
२०८० श्रावण १ को मौज्दात	४१७,३२४.०२	४८२,०११.६२	४[illegible].००	१७८,२३१.०८	१३९,१०८.०१	२९९,४०[illegible]	५८१,१२०.३५	१,२०६,८३१.००	१३९,१०८.०१	१३९,१०८.०१	३,६३०,२८०.०८
समायोजन:											
सम्पत्ति पुनर्मूल्याकनमा बचत	-	-		-	-	-	-	-	-	-	-
लगानी पुनर्मूल्याकनमा बचत	-	-	-	-	-	-	-	-	-	-	-
कोषबाट गरीएका (खर्च)/प्राप्तिहरु	(३३८,३५२.००)	-	-	-	(१३९,१०८.०१)	-	(५८[illegible].३५)	१३५,६५०.००	-		(९२२,९३०.३६)
कोषमा सोझै थपिएको (खुद)	-	-	-	-	-	-		-	-	-	-
कोषहरुबाट जगेडा कोषमा सारीएका	[illegible]१७२.०२)	-	-		-	-		-	(१३९,१०८.०१)	(१३९,१०८.०१)	(५५७,१८८.०४)
शेयर पूँजी निष्कासन वा जारी	-	-	-		-	-		-	-	-	-
यस वर्षको नाफाबाट बांडफांड	२०६,[illegible]०.०४	६८,७०६.६८	९,२२२.३७	६८,७०६.६८	६८,७०६.६८	-	३०१,९३१.७३	-	६८,७०६.६८	६८,७०६.६८	८६[illegible],८०७.५४
मौज्दात २०८१ आषाढ मसान्त	२०६,१२[illegible]	५५०,७१८.२९	५७,२६०.३७	२४६,९३७.७५	[illegible],७०६.६७	२९९,४००.००	३०१,९३१.७३	१,३४२,[illegible]९.००	६८,७०६.६८	६८,७०६.६८	३,२१०, [illegible]

मनोज [illegible]माझी	सर्मिला अधिकारी	सोबिता थापामगर	सकुन्तला श्रेष्ठ	मैया महत	लेखापरीक्षक
प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	लेखा संयोजक	सचिव	अध्यक्ष	सि.[illegible] सुनिल श्रेष्ठ
					श्रेष्ठ एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट

"सहकारी दिदी विविध सहकारी संस्था"

लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि.

पनौती न.पा.-५, चौकोट, काभ्रेपलाञ्चोक

२०८१ आषाढ मसान्त गते

वित्तीय विवरणका अनुसूचिहरू

१. शेयर पूंजी

विवरण	यस वर्ष	गत वर्ष
जारी पूंजी		
साधारण शेयर रु. १०० का शेयर	२९,४७०,४००.००	२६,७९९,०००.००
जम्मा	**२९,४७०,४००.००**	**२६,७९९,०००.००**

२. सञ्चय हिसाब तथा अन्य व्यवस्था

विवरण	यस वर्ष	गत वर्ष
जगेडा कोष	**१५,३६४,२५८.४४**	**१४,३८८,९४५.५३**
गत आ.व. सम्मको	१४,३८८,९४५.५३	१२,६१४,७२०.२७
यस आ.व. नाफाबाट बाँडफाँड	६१४,८२४.८७	१,२४४,८१४.३८
कोषमा सोझै प्राप्त आम्दानी	३,३००.००	१३,९७०.००
गत आ.व. मा उपयोग नभएको रकम फिर्ता भएको	३५७,१८८.०४	५१,४२५.८८
अन्य विभिन्न कोषहरुको जम्मा	**१०,१०१,६९५.७५**	**१२,०७९,९१४.४३**
अन्य नियमनकारी कोषहरु	**३,०६५,०७९.७५**	**५,५७३,६८३.४३**
शेयर लाभांश कोष	१,००३,९४१.२१	२,५१६,०२३.५६
संरक्षित पूँजी फिर्ता कोष	४९,०४८.९३	९३३,६१०.७९
सहकारी प्रवर्द्धन कोष	५७,२६०.३७	४८,०३८.००
सहकारी शिक्षा कोष	२०६,१२०.०३	४१७,३२४.०२
संस्था विकास कोष	५५०,७१८.२९	४८२,०११.६२
कर्मचारी बोनस कोष	३०१,९३१.७३	५८१,१२०.३५
जोखिम व्यवस्थापन कोष	६८,७०६.६८	१३९,१०८.०१
स्थिरीकरण कोष	६८,७०६.६८	१३९,१०८.०१
सामुदायिक विकास कोष	६८,७०६.६७	१३९,१०८.०१
घाटापुर्ति कोष	२४६,९३७.७५	१७८,२३१.०८
ऐच्छिक कोष	**१,६४९,८९१.००**	**१,५०६,२३१.००**
विशेष कोष	४९,४००.००	२९९,४००.००
सदस्य राहत कोष	१,३४२,४८१.००	१,२०६,८३१.००
ऋण नोक्सानी व्यवस्था	**५,३९४,७३५.००**	**५,०००,०००.००**
ऋण नोक्सानी व्यवस्था	५,३९४,७३५.००	५,०००,०००.००
सम्पूर्ण कोषहरुको कुल जम्मा	**२५,४६५,९५४.१९**	**२६,४६८,८५९.२८**

Shrestha Sunil & Associates, Kathmandu, Chartered Accountants

३. बचत तथा निक्षेप

विवरण	यस वर्ष	गत वर्ष
आकस्मिक बचत	८,००५,४७६.४९	८,६५८,५४४.५९
अध्ययन बचत	५,४९७,००१.६८	५,२७२,८४१.१०
दैनिक बचत	८,१२९,७२५.९२	४,१९९,४[illegible]
तिर्थ/भ्रमण बचत	२१,३७५.६४	[illegible],२२०.९४
बिमा बचत	३०,०२७.७१	१९,६९०.६७
विशेष बचत	२,०३४,७२५.३५	९०७,०८४.६५
बाल बचत	४०,०२१,१३५.[illegible]	३४,५९७,४८३.११
गहना [illegible]	[illegible],७२९.८७	९०,४३८.९९
[illegible] बचत	३८२,७९१.००	३८४,३२४.७३
नियमित बचत	६३,५८०,७३३.१८	५५,३७५,००१.२४
साधारण बचत	२५,०५५,९८०.४३	१९,४५३,९२१.९२
स्वच्छिक बचत	१,१५५,७५१.३२	१,०७१,५९३.४३
तिज बचत	१,२७८,२७९.७७	१,४८२,९०८.५[illegible]
रिग्रो बचत	१५६.५७	[illegible]५०.६५
जे.एन. बचत	–	[illegible],००,०००.००
मुद्दती बचत ३ महिने	१५,४२९,०००.००	१५,८०७,५००.००
मुद्दती बचत ६ महिने	१६,३२८,५००.००	४,१४६,५००.००
मुद्दती बचत १ वर्षे	३६,१०[illegible],८०.००	२७,१९६,१००.००
जम्मा	[illegible]४,९२७.०१	१७८,८१६,७५७.८५

मनोज रायमाझी
प्रमुख कार्यकारी अधिकृत

सोविता थापामगर
लेखा संयोजक

सकुन्तला [illegible]ठ
सचिव

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

सर्मिला अधिकारी
कोषाध्यक्ष

मैया महत
अध्यक्ष

लेखापरीक्षक
सि.ए. सुनिल श्रेष्ठ
श्रेष्ठ एण्ड एसोसिएटस चार्टर्ड एकाउन्टेन्ट

४ चालु दायित्व

विवरण	यस वर्ष	गत वर्ष
आयकर दायित्व	२५८,०८६.०८	२५०,८२०.६६
श्रोतमा कर कट्टी		
बचत व्याज कर	२१८,७४३.०५	२१५,८९९.४१
घर भाडा कर	७,३३४.००	१,[illegible].००
परिवहन कर	४,९५०.००	२,[illegible].१०
अन्य विविध दायित्व [illegible]एस.	८६.००	२९,३८२.२९
सामजिक [illegible]	२,६००.[illegible]	७,७१५.१८
लेखापरि[illegible] शुल्क कर	१,१[illegible].००	७५०.००
[illegible] दिन बाँकी व्याज मुल्तबी	३,२[illegible],८२७.७२	३,१२२,४६३.१३
लेखापरिक्षक शुल्क	७३,८७५.००	६३,८७५.००
आवधिक बचत व्याज	-	१,०७३.००
एफ. ओ. डब्लु. ई. पि.	१५,०००.००	१५,०००.००
प्रभु मनि ट्रान्सफर भुक्तानी दिनु पर्ने	२८८,३२१.६८	२७९,३५१.६[illegible]
भुक्तानी दिनु पर्ने खुत्रुके हिसाब	१४,७००.००	१२,[illegible]००.००
जम्मा	४,१७८,६४८.६९	४,०[illegible],०६०.४५

मनोज रायमाझी
प्रमुख कार्यकारी अधिकृत

सोविता थापामगर
लेखा संयोजक

सकुन्तला श्रेष्ठ
सचिव

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

सर्मिला अधिकारी
कोषाध्यक्ष

मैया महत
अध्यक्ष

लेखापरीक्षक
सि.[illegible] सुनिल श्रेष्ठ
श्रेष्ठ एन्ड एसिएटस चार्टर्ड एकाउन्टेन्ट

लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि.
पनौती न.पा. - ५, काभ्रेपलाञ्चोक

५. जायजेथा, प्लान्ट तथा उपकरण
२०८१ आषाढ मसान्त

रकम रु. मा

विवरण	सम्पत्ति					
	जग्गा	भवन	सवारी साधन	फर्निचर तथा कार्यालय उपकरण	अन्य	जम्मा
जायजेथा प्लान्ट तथा उपकरण						
बर्षको सुरुको सम्पत्तिको मौज्दात	१०१,१६५.००	२,९९१,२३०.५८	७०,२८७.३६	१,११४,६००.३७	१९५,५९७.८६	४,४७२,८८१.१८
सम्पत्ति थप				२९०,५७९.९८	६४,५००.००	३५५,०७९.९८
सम्पत्ति बिक्री	-	-	-	२५,०००.००	-	२५,०००.००
वर्षको अन्तिमको मौज्दात	१०१,१६५.००	२,९९१,२३०.५८	७०,२८७.३६	१,३८०,१८०.३५	२६०,०९७.८६	४,८०२,९६१.१६
ह्रास कट्टी तथा सम्पत्तिको क्षयिकरण						
यस वर्षको ह्रास कट्टी	-	१४९,५६१.५३	१४,०५७.४७	३२१,४४०.६५	३२,५६४.६८	५२७,६२४.३३
सम्पत्तिको क्षयिकरण	-	-	-	-	-	-
बिक्रि	-	-	-	-	-	-
वर्षको अन्तिमको मौज्दात	-	१४९,५६१.५३	१४,०५७.४७	३३१,४४०.६५	३२,५६४.६८	५२७,६२४.३३
वर्षको शुरुको कितावी मुल्य	१०१,१६५.००	२,९९१,२३०.५८	७०,२८७.३६	१,११४,६००.३७	१९५,५९७.८६	४,४७२,८८१.१८
वर्षको अन्तिमको कितावी मुल्य	१०१,१६५.००	२,८४१,६६९.०५	५६,२२९.८९	१,०४८,७३९.७२	२२७,५३३.१८	४,२७५,३३६.८३

Associates Kathmandu Chartered Accountants

६. [illegible] तथा आवधिक निक्षेपमा लगानी

विवरण	यस वर्ष	गत वर्ष
शेयर लगानी		
राष्ट्रिय सहकारी बैंक लि. बनेपा शाखा	१,०१०,०००.००	१,०१०,०००.००
नेफस्कुन	१,०५०,०००.००	१,०५०,०००.००
जिल्ला सहकारी संघ लि. बनेपा	५००,०००.००	५००,०००.००
काभ्रे जिल्ला बचत तथा ऋण सहकारी संघ लि. काभ्रे	१,०००,०००.००	१,०००,०००.००
बागमती प्रदेश संघ	५०,०००.००	५०,०००.००
बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ	१०१,६००.००	१०१,६००.००
आवधिक निक्षेप लगानी		
काभ्रे जिल्ला सहकारी संघ लि. (खा.नं.: २०१०२०००२५)	१०,०००,०००.००	-
काभ्रे जिल्ला सहकारी संघ लि. (खा.नं.: २०१०२०००२६)	१०,०००,०००.००	-
अन्य बचत		
नेफसकुन (खा.नं. ००१०००३७९०)	३१६,३५९.३३	२७७,००७.८३
बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (खा.नं. ३०१००[illegible])	५२,६७१.८६	३८,२८०.२७
जिल्ला सहकारी संघ लि.काभ्रे (खा.नं. १३९)	२२४,८४३.९६	१५५,२८१.९५
जिल्ला बचत संघ लि.,काभ्रे (खा.नं. ०२)	७५५,००१.४५	७१२,[illegible]
जम्मा	**२५,०६०,४७६.६०**	**४,[illegible],२७१.२४**

७. ऋणमा लगानी

विवरण	यस वर्ष	गत वर्ष
घर जग्गा ऋण	४१,०५६,७७६.८५	४८,०२९,६८६.००
हायर पर्चेज ऋण	४,९३०,७३३.८६	४,८३१,१९१.००
व्यापार ऋण	७६,९४४,७०५.६७	७५,६२०,४०८.००
कृषि ऋण	३,५६९,४२०.७३	५,०७८,४८६.००
पशुपालन ऋण	४,६२२,००९.४६	६,३६०,५४८.००
बैदेशिक रोजगार ऋण	११,३०१,५९३.०१	९,२०३,२८७.००
अध्ययन ऋण	१८,५१४,५९२.३४	१२,[illegible],६७१.००
मुद्दती बचत धितो ऋण	१,७४६,१५०.९५	१,८००,३३४.००
लक्ष्मी सहुलियत ऋण	९,४३५,३९४.[illegible]	-
कर्मचारी सहुलियत ऋण	४,४२१,[illegible]	४,५२७,१९६.००
सामाजिक ऋण	१५,[illegible],२२४.८०	१२,५२१,४४०.००
[illegible] ऋण	-	११६,८५४.००
जम्मा	**१९१,५९०,०४५.३५**	**१८१,६४५,०९३.००**

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

८. नगद तथा नगद सरह

विवरण	यस वर्ष	गत वर्ष
नगद मौज्दात	६१६,०६५.००	५९७,६७९.३५
काभ्रे जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (खा.नं.: ००१०१००००१२)	१८,७७३,२२३.२१	९,३४४,७८६.६६
काभ्रे जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (खा.नं.: ००२०१०००१४६)	१,५०६,३३४.९८	४,०४०,४९३.८६
काभ्रे जिल्ला बचत तथा ऋण सहकारी संघ लि. धुलिखेल सेवाकेन्द्र (खा.नं.: ००१०१०००१६७)	६,६७६,७९१.९३	१,५[illegible].१९
काभ्रे जिल्ला बचत तथा ऋण सहकारी संघ लि.धुलिखेल सेवाकेन्द्र खा.नं.: ००१००००२२१)	६,४१५,८८६.९५	[illegible],१२३,५९५.०८
नेफसकून (खा.नं.: ३२[illegible]००११३)	१,४८५,४७२.७८	१,३१९,५२३.०५
नेफसकून (खा.नं.: [illegible]३०००००६२८)	७,७६८,[illegible].२५	३,८०३,०२७.१६
नेफसकून (खा.नं.: ३०१००३१५०)	१५७.२३	१२७,५३१.६०
[illegible] जिल्ला सहकारी संघ लि. (खा.नं.: ००२७)	३,९१२,७१७.८८	६,८७१,८९१.३८
काभ्रे जिल्ला सहकारी संघ लि. (खा.नं.: १०१०५०००४०)	१९३,३६७.६५	२,६१९,५९७.१०
बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (खा.नं.: ००२५)	२२,८५५.८९	१४,८००.६१
बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (खा.नं.: ३०३००[illegible])	२,७४८,२२७.५८	२,६३६,७८८.५७
नेपाल बैक (खा.नं.: ०१५००१०६८१४७०३०००००१)	५१९,३४९.४१	३९८,९७१.५७
राष्ट्रिय सहकारी बैक बनेपा शाखा (खा.नं.: १३-०[illegible]-१) सवा केन्द	२६५,२३५.००	१,१[illegible].०१
राष्ट्रिय सहकारी बैक बनेपा शाखा (खा.नं.: [illegible]-००००१५-७)	१,६१६,९३०.२७	१,५[illegible],४८५.६३
नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि.[illegible]खा (खा.नं.: ००५०१०३०२५५११०)	२४२,१२२.९१	२८१,२८७.९१
राष्ट्रिय वाणिज्य बैक, धुलि[illegible] (खा.नं.: १०४००४८२२०)	२०३,०००.००	२०३,०००.००
कुमारी बैक लि.धुलि[illegible]	२,८४२,८८१.[illegible]	-
कुमारी बैक लि.[illegible]देबि	[illegible],००२.००	-
जम्मा	[illegible],९०,०६७.८८	३९,९२०,२५८.७३

९.अन्य चालु सम्पत्ति

विवरण	यस वर्ष	गत वर्ष
पाउनुपर्ने व्याज	३,२९३,८२७.७२	३,१२२,४६३.१२
धरौटी (प्रभु म्यनाजमेन्ट)	३००,०००.००	३००,०००.००
मल धरौटी साल्ट ट्रेनिङ लि.	५०,०००.००	५०,०००.००
अग्रिम आयकर	१,७५१,४३७.६१	१,५३६,३४५.६८
टेलिफोन धरौटी	२,०[illegible].००	२०००.००
एक्सक्लुशि[illegible]ण्ड	[illegible].२२.००	-
चेक [illegible]	[illegible],४२५.००	७१,२२५.००
खाजुक	८३,७५०.९०	९५,१४०.३०
जम्मा	५,५४४,००३.२३	५,१७७,१७४.११





१०.ब्याज आम्दानी

विवरण	यस वर्ष	गत वर्ष
कर्जा लगानीबाट व्याज आम्दानी		
हायर पर्चेज ऋण व्याज आम्दानी	१,०२८,७६८.९७	४३२,३८४.००
रिग्रो ऋण व्याज आम्दानी	६,१६४.२९	४१,५९९.००
घर जग्गा ऋण व्याज आम्दानी	७,१६९,७०१.९५	७,०९३,७७९.००
मुद्धती ऋण व्याज आम्दानी	२७५,३७६.५०	२१३,२१२.००
कृषि ऋण व्याज आम्दानी	५२७,६४६.५२	४१७,०२७.००
सामजिक ऋण व्याज आम्दानी	१,७७४,६३१.७७	१,५५९,०५२.००
बैदशिक ऋण व्याज आम्दानी	१,५८९,६६५.०५	९७८,४६५.००
पशुपालन ऋण व्याज आम्दानी	६३७,२०४.९५	८७७,३३७.००
कर्मचारी सहुलियत ऋण व्याज आम्दानी	१५८,६५४.०४	३५८,९४४.००
अन्य ऋण व्याज आम्दानी	२,१९६,५९२.०८	६१८,९०५.००
व्यापार ऋण व्याज आम्दानी	१०,५१७,६२६.२५	१०,८०२,८४०.००
लक्ष्मी सहुलियत ऋण आम्दानी	३२३,६१२.३६	-
घटाउने :व्याजमा छुट	(७३६,५००.२१)	(६६२,२९५.००)
बैंक व्याज आम्दानी		
बैंक व्याज आम्दानी	३,०१६,३०१.१८	३,०८८,४८२.८९
मुद्दती लगानीबाट व्याज आम्दानी	-	१५६,७१२.४०
जम्मा	२८,७८१,५४५.७०	२६,६०७,१२६.४९

११.ब्याज खर्च

विवरण	यस वर्ष	गत वर्ष
बचत व्याज खर्च	३,४१८,७६३.००	३,१७८,३१७.५९
रिग्रो बचत व्याज खर्च	६.२८	३१४.५४
मासिक बचत व्याज खर्च	७,४४२,८७५.१०	४,६६६,७६९.८४
साधारण बचत व्याज खर्च	१,२३२,२६४.३०	६,०७६,४५६.१३
बिशेष बचत व्याज खर्च	१२१,७७३.१९	६१,६९९.०७
अध्ययन बचत व्याज खर्च	३०८,७७७.१०	४८२,३४७.८९
तिज बचत व्याज खर्च	९५,८३८.७०	१११,२१९.५३
दैनिक बचत व्याज खर्च	३६३,०७८.१२	४९८,७५१.८६
गहना बचत व्याज खर्च	८,२८५.२६	६,७७६.७५
पेन्सन बचत व्याज खर्च	३०,३५२.००	३४,८३१.९६
आकस्मित बचत व्याज खर्च	४९,१००.६९	७५८,०५२.३२
स्थिर बचत व्याज खर्च	५७,३२७.३८	९८,६६५.३५
भ्रमण तथा तिर्थ बचत व्याज खर्च	१,५८४.९७	११७.९८
बिमा बचत व्याज खर्च	१,५८८.४७	१,१५४.०३
मुद्धति बचत ३ महिने खर्च	२,५२५,६८५.२३	-
मुद्धति बचत ६ महिने खर्च	२९५,७२३.४७	-
मुद्धति बचत १ वर्षे खर्च	१,७७५,३७३.३४	-
जम्मा	१८,१२८,१६७.७९	१५,७७५,५२१.८४

१२.अन्य [illegible] आम्दानी

विवरण	यस वर्ष	गत वर्ष
कर्जा निवेदन शुल्क	१०४,३००.००	७३,१६०.००
हर्जाना शुल्क	८२४,४८३.६४	७५०,६०६.००
पासबुक शुल्क	६५०.००	३००.००
संस्था बिकास शुल्क	१,२६२,५००.००	१,०९५,७२[illegible]
प्रवेश शुल्क	१०४,११५.००	[illegible].९५.००
कमिशन प्राप्त प्रभु बाट	–	३५०.००
बचत लगानीबाट ब्याज प्राप्त	३४,६२७.५७	६१,७८५.५१
शेयर लगानीबाट लाभांश प्राप्त	१२१,६०९.४२	४२५,७१९.१५
संरक्षित पूजी [illegible] प्राप्त	१,[illegible]७.७५	११७,२५५.९९
खाता [illegible] शुल्क	–	७,१८८.२१
[illegible] बन्द शुल्क	४१,८०९.३८	–
मखमल जुत्ता बाट आम्दानी	–	१३५,४८०.००
कर्मचारी आवेदन फर्म	–	१,०००.००
मल बिक्रि मार्फत	–	७,४००.००
विविध आय	२५०,०५१.७८	४९,२[illegible].००
सदस्य बिमाबाट आम्दानी	–	[illegible].००.००
धितो मुल्याङकन आम्दानी	५००.००	–
जम्मा	**२,७४५,८९४.५४**	**२,८७०,४६०.८६**

१३.कर्मचारी खर्च

विवरण	यस वर्ष	गत वर्ष
कर्मचारी तलब खर्च	३,३३८,३९२.००	२,३६८,९१४.००
कर्मचारी पोशाक खर्च	९२,८००.००	४६,०००.००
कर्मचारी सामजिक सुरक्षाकोष खर्च	६८७,६९९.००	४१४,९५२.००
कर्मचारी पर्व खर्च	२४१,०४८.००	२०२,००[illegible].००
कर्मचारी संचित बिदा खर्च	१२८,४७९.००	६१,८[illegible]९.००
कर्मचारी ग्रेड खर्च	११२,०७१.००	[illegible],८५५.६०
कर्मचारी औषधि उपचार खर्च	२२२,०५१.००	१६८,२७७.००
कर्मचारी भत्ता	४५४,५[illegible].००	३६१,३९७.००
जम्मा	**५,२९[illegible].००**	**३,८७२,००६.६०**

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

१४ अन्य सञ्चालन खर्च

विवरण	यस वर्ष	गत वर्ष
टेलिफोन तथा संचार	२२,०००.००	८२,९२२.००
विद्युत महशुल	४०,६९०.००	२५,८९४.७५
स्टेशनरी तथा प्रतिवेदन खर्च	४७३,७९०.००	१३७,७५६.[illegible]
ह्रासकट्टी खर्च	५२७,६२४.३३	४७३,[illegible]३
सुचना प्रकाशन क्यालेन्डर छपाई	७९,१००.००	[illegible],२७८.००
बिमा खर्च	२८,७६१.००	३०,९१९.७४
सदस्यता तालिम र सहकार[illegible]र खर्च	-	२०६,१९०.००
इन्धन खर्च	४५,०[illegible].००	४२,६००.००
संञ्चालक स[illegible] यातायात परिवहन	[illegible],[illegible]००.००	६७८,२६०.००
संञ्[illegible] बैठक व्यवस्थापन	६०,९२०.००	३७,१५०.००
[illegible]त उप समिति सदस्य विस्तार खर्च	४०,८२०.००	१०,६००.००
केक खरिद	२६३,५००.००	१९८,५००.००
साधारण सभा खर्च	१,०५५,८५५.५२	८७२,०११.००
लेखापरिक्षण शुल्क	७५,०००.००	५०,०००.००
नविकरण खर्च	१६,०४९.००	२९,८[illegible].००
खुद्रुके वितरण खर्च	११,३९०.००	[illegible],०६०.००
चेक प्रिन्ट खर्च	१७,८००.००	-
प्रोबेशन नविकरण तथा कार्यत[illegible]र्च	५०,०००.००	५०,०००.००
कार्यलय खाजा खर्च	९९,२९५.[illegible]०	१०८,४००.००
सामाजिक कार्य[illegible]च	-	५५,८६०.००
घर भाड[illegible]	[illegible],०००.००	१३८,७२३.००
[illegible]प छपाई	-	२२०,३५०.००
[illegible] बैकिङ	९६५.००	७५१.००
जि.नोब क्लाउड	३६,१४०.००	४०,६८०.००
मर्मत खर्च	७९,०९५.००	५९,७७६.००
वार्षिकोत्सव कार्यक्रम खर्च	५०,३६०.००	२४,५१५.००
धुलिखेल सेवा केन्द्र खर्च	७,९००.००	[illegible]८०.००
सडक सचेतक बोर्ड	-	१८,२००.००
सदस्य बिमा खर्च	-	१००,०००.००
मल वितरण खर्च	-	५,५००.००
लक्ष्मी पुजा खर्च	-	४,५००.००
व्याग छाता[illegible]द खर्च	[illegible],[illegible]२०.००	१०,५००.००
विविध खर्च	२५९,६९४.०९	१३०,५७१.३०
[illegible] कार्यक्रम खर्च	१६७,७६०.००	-
ईन्टरनेट खर्च	८८,१४९.००	-
पत्र पत्रिका खर्च	४७,४३६.००	-
जम्मा	४,७०८,१५३.९४	४,०१८,८०७.९२

Shrestha Sunil & Associates ★ Kathmandu ★ Chartered

१५. आयकर व्यवस्था

विवरण	यस वर्ष	गत वर्ष
आयकर व्यवस्था अघिको मुनाफा	२,७१७,३८५.५७	५,२३०,०७८.१९
क. आयमा समावेश गर्नु नपर्ने रकमहरु		
लाभांश आम्दानी	(१२२,८५७.१७)	(५४२,९७५.[illegible]
ख. आयमा समावेश गर्नुपर्ने अन्य रकमहरु		
बोनस कोषबाट अवितरित रकम	-	[illegible],३३५.०९
जगेडा कोषमा खुद सारिएको	३,३००.००	१३,९७५.००
ग. आयको गणना गर्दा कट्टा गर्नुपर्ने खर्चहरु		-
घ. ह्रासकट्टी खर्च र कानुनी आयकर र किताबी खर्चमा	(१६[illegible].६४)	-
करयोग्य आम्दानी	२,[illegible],८६०.७६	५,०१६,४१३.१४
आयकर व्यवस्था	२५८,०८६.०८	२५०,८२०.६६

१६. सम्भावित दायित्व

विवरण	यस वर्ष	गत वर्ष
सम्भावित दायित्वहरु	-	-
संस्थाउपर परेको दावी	-	-
जम्मा	-	-

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

लेखा तथा सुपरीवेक्षण समितिको प्रतिवेदन



सोविता थापा मगर (प्रधान)
संयोजक

यस लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लि. पनौती न.पा -५, चौकोट काभ्रेको २५ औं गरिमामय वार्षिक साधारण सभाका सभाध्यक्ष ज्यू, आजका यस साधारण सभाको निमन्त्रणालाई स्विकार गरि पाल्नुहुने प्रमुख अतिथि ज्यु, अतितिज्युहरु, सञ्चारकर्मीमित्रहरु, सहकारीका साथीहरु, संस्थाकाको हरेक गतिविधि, क्रियाकलापमा सक्रिय भएर लागी पर्ने कर्मचारी मित्रहरु र यस संस्थालाई माया गरि पाल्नु भएका हरेक शेयर सदस्य ज्युहरुमा म लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछु।

यस संस्थाले २६ औं वार्षिक साधारण सभाको दिन सम्म आईपुग्दा आफ्ना सम्पुर्ण सदस्यहरुको आर्थिक तथा सामाजिक विकासको लागि सहकारी ऐन, नियमावली, संस्थाको स्वीकृत विनियम, सहकारी मापदण्डलाई पालना गर्दै आफ्ना विभिन्न क्षेत्रहरु प्रदान आईरहेको छ।

संस्थाको विनियमतः यस संस्थाले पुरा गर्नुपर्ने जिम्मेवारीहरु पुरा गर्न समय समयमा लेखा सुपरिवेक्षण समितिको बैठक बसि सुझावलाई सहि दिशा उन्मुख गराउने कार्य यस समितिबाट हुँदै आएको छ। यस अर्न्तगत लेखा सुपरिवेक्षण अर्न्तगत देखिएको कमि कमजोरीलाई सुधार्नको निमित्त सञ्चालक समिति तथा व्यबस्थापन लाई औपचारिक अनौपचारिक दुबै राय सल्लाह प्रदान गर्दै आईरहेका छौं।

यस समितिले यस सहकारीको आ.व.२०८०/०८१ आषाढ मसान्त सम्म भए गरेको संस्थागत क्रियाकलापहरुको प्रतिवेदन पेश गर्न चाहान्छु।

१. वार्षिक साधारण सभा :

संस्थाको अघिल्लो वर्षको साधारण सभा २०८० साल असोज १३ गते संस्थाका अध्यक्ष मैया मल्ल को अध्यक्षतामा प्रमुख अतिथि बागमती प्रदे. सहकारी संघ लि. का अध्यक्ष श्री रामशरण शर्माको उपस्थितिमा बनेपा पार्टिभेन्यु बनेपामा सम्पन्न गरी सकेका थियो । साधारण सभा उपस्थिति ३२७७ मध्ये २१०८ (६५.३२%) को उपस्थितिमा प्रस्तावहरु छलफल गरि सभामा निर्णय गरिएको थियो। साधारण सभामा पारित अधिकांश निर्णयलाई कार्यन्वयन गरिएको पाइयो।

२. यस आ.व. मा समिति तथा उप समितिहरुको बैठक र निर्णयहरुको कार्यान्वयनको अवस्था:

क्र.सं.	समिति/उप-समिति	बैठक संख्या
१	सञ्चालक समिति	नियमित: १२ पटक, संयुक्तः३ पटक आकस्मिकः ८ पटक
२	लेखा तथा सुपरिवेक्षण समिति	४ पटक
३	ऋण उप समिति	१९ पटक
४	शिक्षा तथा सञ्चार उप समिति	४ पटक
५	बाल बिकास उप समिति	३ पटक
६	कृषि उप समिति	४ पटक

७	स्वास्थ्य तथा वाताबरण उप समिति	२ पटक
८	बनेपा सेवा केन्द्र उप समिति	१२ पटक
९	धुलिखेल सेवा केन्द्र उप समिति	१२ पटक
१०	प्रोवेशन कार्यदल	१० पटक
	व्यबस्थापन समिति	६ पटक

समिति तथा उप समितिले गरेका अधिकांश निर्णयहरु कार्यान्वयन भएको र संस्थाको अहित हुने र अहित गर्ने नियतबस कुनैपनि काम गरेको पाइएन।

३. ऋण प्रवाह प्रक्रिया र सुरक्षाको अवस्था :

शेयर सदस्यहरुलाई सरल र शुलभ तरिकाले ऋण लगानी गरी सदस्यहरुको आर्थिक विकास गर्नको लागि यस लक्ष्मी महिला साकोसले महत्वपूर्ण कार्य गरेको छ। सदस्यहरुलाई ऋण लगानी गर्दा छिटो छरिटो तरिकाले ऋणीको ब्यक्तिगत विश्लेषण गरी धन (चल) जमानीबाट लगानी गर्ने गरेको पाईयो। भने अचल सम्पत्ति धितो अर्न्तगत ऋण लगानी गर्दा ऋण सुरक्षणको लागि राखिएको धितो अनिवार्य संस्थागत मुल्याङकनकर्ता मार्फत धितो मुल्यांकन नीति २०७८ बमोजिम निरिक्षण गरेर, ऋणीको ब्यक्तिगत (क्षमर्थ्य, चरित्र, पूँजी, धितो, र अवस्था) विश्लेषण गरी जग्गा रोक्का दृस्टिबन्धकीको प्रकृया पुरा गरेर तमसुकतालाई समेत मध्येनजर गरी आवश्यक कागजातका प्रकृया पुरा गरी ऋण नीति २०७८ बमोजिम लगानी गर्ने गरेको छ।

४. विभागद्वारा जारी मापदण्डहरुको कार्यान्वयन

यस संसथाले सहकारी विभागद्धारा जारी गरिएको सबै मापदण्डहरुलाइ पालना गरी मापदण्डहरु विपरितका कार्यहरु गरेको देखिएन।

५. लक्ष्य र उपलब्धि

क्र.स.	विवरण	लक्ष्य	उपलब्धी	प्रतिशत
१	सदस्य	३५६२	३०६९	११.६८
२	शेयर	३,८३,१२७०	२,९४,७०,४००	२३.४३
३	बचत	२१५४६१३०९.३	२२३१६४९७.०१	२२.२५
४	ऋण	२२५१८२०२५	९९,१००४५.३५	२०.५७
५	कुल सम्पत्ति	२८,९४,५५,६१८.२	३,२२,७९,९२९.८९	१९.७०
६	मुनाफा	६६,१३,९२०	३०,१९,३१७.३०	७०.७३

७. पदाधिकारी र प्रमुख कार्यकारी अधिकृतले लिए को पारिश्रमिक, सुविधा र भत्ता

- संस्था सञ्चालनका लागि सञ्चालक समितिको बैंठक प्रत्येक महिनाका पहिलो दोस्रो शनिबार मंत्र संस्थाको कार्यालयमै हुनेगरेको पाइयो। लेखा सुरिवेक्षण समितिको बैंठक प्रत्येक तीन तीन महिनाको बस्ने गरेको र अन्य उप-समितिको बैंठक आवश्यकता र समय अनुकुल कार्यालयमै बस्ने गरेको देखियो। संचालक र लेखा समितिको बैठकमा उपस्थिति हुने पदाधिकारीहरुलाई प्रति बैठक भत्ता रु १८००।- र अन्य

उप-समितिको बैठक भत्ता रु १५००।- प्रदान गर्ने गरेको पाईयो। तालिम सञ्चालन गरेबाट समितिका तालिम सहजकर्ता वा समितिका प्रशिक्षकलाई एक दिनको भत्ता बराबर वा कर्मचारीको हकमा एक दिनको पारिश्रमिक बराबर प्रदान गर्ने गरेको पाईयो। प्रत्येक ऋणको धितो निरिक्षण गर्ने समितिका संयोजक र कर्मचारीलाई रु २००।- प्राविधिकलाई ३० लाख सम्म ३०००।- ५० लाख सम्म ४५००।-, लाख सम्म ६५००।-, १ करोड सम्म ९०००।- र सो भन्दा माथि ०.१५ प्रतिशत भुक्तान गरिएको छ। यी भत्ता बाहेक समिति वा अन्य उप-समितिले मासिक रुपमा मासिक तलब र अन्य सेवा सुविधा लिएको पाइएन।

- प्रमुख कार्यकारी अधिकृतको आधार तलब तथा अन्य सेवा सुविधा यस वर्ष वृद्धि नभाई गत वर्षकै व्यवस्था अनुसार भएको पाईयो।

८. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :–

साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए / नभएको : भएको।

कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याईएको।

कर्मचारी भर्ना प्रकृया पारदर्शिता र प्रतिस्पर्धी भएको / नभएको : भएको।

कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादात्म्य रहेको /नरहेको : रहेको।

ब्यवस्थापकको योग्यता र क्षमता सम्बन्धी विवरण : नीति बमोजिम व्यवस्थापकको योग्यता तथा क्षमता रहेको।

कर्मचारी व्यवस्थापन	संख्या
प्रमुख कार्यकारी अधिकृत	१ जना
अधिकृत	२ जना
बरिष्ठ सहायक लेखापाल	१ जना
बरिष्ठ सहायक	१ जना
कार्यलय सहायक	३ जना
सदस्य प्रतिनीधि	५ जना
कार्यलय सहयोगी	१ जना
जम्मा	१४ जना

९. कार्यालय, विभाग वा सम्बन्धित विभागहरुले अनुगमन निरीक्षण गर्दा दिइएका कैफियत र सुझावहरुको कार्यान्वयनको अवस्था :

संस्था नेपाल स्तरिय ब्राण्ड प्राप्तिको लागि नेफ्स्कृत बद्ध रहि केन्द्रिय संघको निर्देशन बमोजिम नै संस्थाले कार्यसम्पादन गरेको पाईएको छ। **थप सुविधा :** सहकारी मापदण्ड अनुसार नै सदस्यलाई नाफामा जति लाभाशं र संरक्षित पुँजी फिर्ताकोष वितरण गर्नुपर्ने हो, सो बमोजिमनै बाँडफाँड गरिएको पाईएको छ।

१०. संस्थाको सम्पूर्ण गतिविधिहरुलाई मूल्याङ्कन गर्दा संस्थाको प्रगतिका लागि निम्न सुझावहरु पेश गर्न चाहन्छु।

लेखा समितिले यस अघि दिइएका प्रतिवेदन र बैठकहरुबाट दिइएका सुझावहरु अक्षरश रुपमा कार्यान्वयन भएको पाइयो। दिइएको सुझावहरुलाई कार्यान्वयन गरिदिनु भएकोमा समिति, उप समिति र कर्मचारी मित्रहरुलाई धन्यवाद ज्ञापन दिन चाहन्छौं।

- संस्थाको कारोवार बृद्धि हुँदै आईरहेको परिप्रेक्ष्यमा सो को व्यवस्थापनलाई अत्यन्त प्रभावकारी बनाउनु आवश्यक भएको हुनाले संस्थाको व्यवस्थापन पक्षलाई विशिष्ट प्रकारको तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ।
- संस्थाले विभिन्न कार्यक्रहरु आयोजना गर्दा सो कार्यक्रमबाट संस्थालाई वर्तमान र भविष्यमा हुने लाभ विश्लेषण गरि निश्चित गर्नु जरुरी छ।
- समय सापेक्ष सदस्यहरुको आवश्यकतालाई मध्ये नजर गरि सदस्य सेवाहरु बढाउनु पर्ने देखिन्छ।

अन्तमा यस संस्थालाई यो अवस्थासम्म ल्याउन अथक प्रयास गर्ने समिति, उप-समितिका सदस्य, कर्माचारी मित्रहरु, शेयर धनी महानुभावह, बाल सदस्यका भाइबहिनीहरु, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने तथा संस्थालाई लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै यस लक्ष्मी महिला संस्थाको उत्तरोत्तर प्रगतिको पथमा सदैब हातेमालो रहने प्रतिबद्धता जाहेर गर्दछौ। साथै आउदै गरेको विजया दशमी तथा शुभ दिपावलीको पावन अबसरमा सम्पुर्णमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दछौ।

धन्यवाद ।

जय सहकारी ॥ जय लक्ष्मी महिला ॥

लेखा तथा सुपरिवेक्षण समिति
संयोजक : साबिता थापा मगर
सदस्य : प्रतिज्ञा भण्डारी के.सी
सदस्य : प्रभा भडेल

ऋण के हो ?

<u>प्रयोग गर्न जान्नेको लागि</u>

- साधन होः केही गर्न खोज्नेको लागि साधन हो।
- उपाय होः समस्या हल गर्न चाहनेको लागि।
- माध्यम होः जाँगर चलेनतिको लागि।
- ढुँगा हो खोला तर्न आट हुनेको लागि।
- फिर्ता होः फलाउन कोशिस गर्नेका लागि।

<u>प्रयोग गर्न नजान्नेको लागि</u>

- आगो होः जल्न चाहनेको लागि
- बीस होः मर्न चाहनेको लागि
- पासो होः आत्महत्या गर्न चाहनेको लागि
- ताल होः डुब्न चाहनेको लागि
- उल्टो काडाँ हो भित्र नसक्नेको लागि

<u>त्यसैले</u>

अरूको लागि र देखासिखीको लागी भन्दा पनि आफ्नो आम्दानीको स्रोत बढाई आर्थिक उन्नती र जीवनस्तर विकासको लागि मात्र ऋणको सदुपयोग गरौ।

ऋण कसैले पनि रहरले लिने होइन, जुनसुकै व्यक्तिलाई जतिखेर पनि आवश्यक पर्न सक्छ । त्यसकारण अरूकोलागि भन्दा पनि आफ्नो लागी ऋण सदुपयोग गर्ने बानी बसालौ ।

हार्दिक संवेदना

भाखा भुल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो इन्द्रै बिन्ती गरुन्
झुकेर पर्‍यो भने बिन्ती मान्दैन त्यो थुप्रोमा उदिनी मिठो नमिठो,
जोजर छान्दैन त्यो, आयो टप्प टिप्यो लग्यो मिति
पुग्यो टारेर टर्दैन त्यो ।


सर्मिला श्रेष्ठ


निरु श्रेष्ठ


दुर्गा खड्का


मिठुमाया श्रेष्ठ


ज्ञानमाया श्रेष्ठ


कालीमाया श्रेष्ठ


युद्ध कुमारी महत


लक्ष्मी बि.क.


तीर्थमाया श्रेष्ठ

यस संस्थाका शेयर सदस्यहरु सर्मिला श्रेष्ठ, निरु श्रेष्ठ, दुर्गा खड्का, मिठमाया श्रेष्ठ, ज्ञानमाया श्रेष्ठ, काली माया श्रेष्ठ, युद्ध कुमारी महत, लक्ष्मुमाया बि.क. र तीर्थमाया श्रेष्ठ को आ.व. ०८१/०८२ को विभिन्न मितिमा असामयिक निधन भएकोमा मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनहरुप्रति हार्दिक समवदेना प्रकट गर्दछौं ।

लक्ष्मी महिला
बचत तथा ऋण सहकारी संस्था लि.
LAXMI MAHILA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
मुख्य कार्यालय: पनौती न.पा.-५, चौकोट, काभ्रेपलाञ्चोक

निर्वाचन नीति - २०८१

१. **उम्मेदारहरुको लागि निर्धारित आधारभुत योग्यता**

देहायको व्यक्ति उम्मेदवारको लागि योग्य मानिनेछ।

१.१ संस्थाको शेयर सदस्यता प्राप्त गरेको अवधि कम्तिमा १ वर्ष पूरा भएको,

१.२ उम्मेदवारी दिने समयमा नै चाबाट लिएको ऋणको भाखा ननाघेको,

१.३ साधारण सभाको मितिसम्म नियमित बचत लगातार ३ महिनासम्म नरोकिएको,

१.४ एउटै व्यक्ति को यस संस्थाको कार्यक्षेत्र भित्रका अन्य संस्थाको शेयर सदस्य, कर्मचारी, सञ्चालक र वा सुपरिवेक्षण समितिको पदमा नरहेको।

१.५ संस्थाको सम्पत्ति हिनामिना गरी बेरुजु नभएको,

१.६ शारिरीक र मानसिक अबस्था कार्य गर्न योग्य भएको.

१.७ फौजदारी अभियोग प्रमाणित नभएको ,

१.८ बैंक तथा अन्य वित्तिय संस्थाको कालो सूचीमा नपरेको,

१.९ सञ्चालक समितिको अध्यक्ष, लेखा सुपरिवेक्षण समिति संयोजक, पदको लागि कम्तिमा उपाध्यक्ष, सचिव, सह सचिब, कोषाध्यक्ष पदमा रहि एक कार्यकाल पुरा गरेको हुनुपर्ने।

१.१० सञ्चालक समितिको उपाध्यक्ष, सचिव,सह सचिब र कोषाध्यक्ष पदको लागि कम्तीमा सञ्चालक समितिमा रहि एक कार्यकाल पुरा गरेको हुनु पर्ने छ।

१.११ संस्थाको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको सदस्य पदहरुको लागि शेयर सदस्यले उम्मेदवारी दिन सक्नेछन्।

१.१२ लेखा समितिको संयोजक र कोषाध्यक्ष पदको लागि माध्यमिक तह उतिर्ण गरेको व्यक्ति हुनु पर्नेछ।

१.१३ अनिवार्य संस्थाले उपलब्ध गराएको फिट एण्ड प्रोपर सम्बन्धी कार्यक्रममा सहभागी भएको हुनुपर्नेछ।

१.१४ संस्थाको कार्यक्षेत्र अन्तर्गत स्थानिय तह (नगरपालिका, धुलिखेल र बनेपा) लाई समान रुपले समिटिने गरि सदस्यहरुको प्रधिनीधित्व हुने। (एउटै पदमा अध्यक्ष, सचिव र कोषाध्यक्ष पदको लागि फरक फरक स्थानिय तहबाट प्रतिनीधित्व हुनु पर्ने छ।)

२. **पदअनुसारका निर्धारित अन्य योग्यता**

२.१ दफा १५ मा उल्लेखित योग्यता बाहेक संस्थामा निर्वाचन हुने सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिका पदहरुको लागि तपशिल अनुसारको योग्यता निर्धारण गरिएको छ।

२.२ अध्यक्षका लागि योग्यता संस्थाको उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सह सचिव वा लेखा तथा सुपरिवेक्षण समितिको संयोजकमध्ये कुनै पदमा रही कम्तिमा १ कार्यकाल पुरा गरेको।

२.३ उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह सचिवको लागि योग्यता संस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्य पदमा रही कम्तिमा १ कार्यकाल पुरा गरेको।

२.४ एउटै व्यक्ति सोही पदमा निरन्तर दुई पटक भन्दा बढि निर्वाचित तथा उम्मेदवार हुन पाँउने छैन।

२.५ लेखा तथा सुपरिवेक्षण समितिको संयोजकको लागि योग्यता।

- संस्थाको सञ्चालक समिति वा लेखा समितिको सदस्य पदमा रही कम्तिमा १ कार्यकाल पुरा गरेको
- सहकारी लेखा सम्बन्धी कम्तिमा तालिम हासिल गरेको
- माध्यमिक तहको परिक्षा उतिर्ण गरेको।

३ उम्मेदवारी शुल्क एंव धरौटी सम्बन्धी व्यवस्था :

३.१ को विवरण

अध्यक्ष	: २५००/-
उपाध्यक्ष	: २०००/-
सचिव	: २०००/-
कोषाध्यक्ष	: २०००/-
सह सचिव	: २०००/-
कार्यकारिणी सदस्य	: १५००/-
लेखा समिति संयोजक	: २५००/-
लेखा समिति सदस्य	: १५००/-

४ उम्मेदवारबाट दरखास्त लिने:

दफा १५ र १६ बमोजिम उम्मेदवार हुन योग्यता पुगेका संस्थाका सदस्यहरुले संस्थाको सञ्चालक समिति र लेखा समितिका तोकिएका पदहरुमा निम्न अनुसारको लागि चाहिने उम्मेदवारी दरखास्त पेश गर्नुपर्नेछ।

४.१ अनुसूची १५ बमोजिमको दरखास्त फारम भरेको

४.२ दरखास्त फारममा संस्थाका २ सदस्यहरु मध्ये एक जना प्रस्तावक र एक जना समर्थकको दस्तखत भएको

४.३ उम्मेदवारी दरखास्त तोकिएको समयावधि भित्र पेश गरेको

४.४ दरखास्त साथ निर्वाचन समितिको कार्यालयबाट प्राप्त अनुसूची ४८ बमोजिमको उम्मेदवारी दस्तुर दाखिला भएको नगदी रसिदको अर्धकट्टि को सक्कल प्रति, नागरिकताको प्रमाणित पत्र र तोकिएको योग्यता खुल्ने प्रमाणहरुको छाँया प्रति पेश गर्नुपर्ने

४.५ निर्वाचन समिति संयोजकले प्रत्येक उम्मेदवारी दरखास्त रीत पुगेको छ, छैन हेर्नु पर्दछ। रीत नपुगेको भए उम्मेदवारलाई रीत पुऱ्याउन लगाइ रीत पुगेको उम्मेदवारी फारमा मिति र समय खोलि विवरण सहित अनुसूची १६ को ढाँचाको दर्ता किताबमा दर्ता गर्नुपर्नेछ।

४.६ वारेसबाट उम्मेदवारी दर्ता गर्न पाइने छैन।

५ प्रस्तावक र समर्थक सम्बन्धी व्यवस्था :

उम्मेदवारको लागि दरखास्त दिँदा एक जना प्रस्तावक र समर्थकको अनिवार्य सही भएको हुनुपर्नेछ। कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक भएको छ अर्को उम्मेदवारको लागि प्रस्तावक र एक पटक समर्थक भएको छ अर्को उम्मेदवारको लागि समर्थक बन्न पाइने छन । प्रस्तावक वा समर्थक दोहोरिएमा पछिल्लो उम्मेदवारी खारेज गरिनेछ । कुनै पनि उम्मेदवारले आफु उठेको समान पदको लागि प्रस्तावक वा समर्थक बन्न पाउने छैन तर बन्न पाइएमा प्रस्ताव वा समर्थन गर्ने उम्मेदवारको उम्मेदवारी खारेज गरिने छ। साथै उम्मेदवारी फारम निर्वाचन अधिकृत समक्ष प्रस्तुत गर्ने समयमा फारममा दस्तखत गर्ने प्रस्तावक र समर्थक अनिवार्य रुपमा निर्वाचन समितिको कार्यालयमा उपस्थित हुनुपर्नेछ।

६ एक पदको लागि मात्र उम्मेदवार हुन पाउने:

एक जना व्यक्ति एक भन्दा बढि पदको लागि उम्मेदवार बन्न पाउने छैन।

७ उम्मेदवारको पहिलो नामावली प्रकाशन :

निर्वाचन समिति संयोजकले प्राप्त दरखास्त जाँच गरी नेपाली बर्णानुक्रम अनुसार उम्मेदवारहरुको नामावली अनुसूची १७ बमोजिमको ढाँचामा प्रकाशित गरी अनुसूची १८ बमोजिमको मुचुल्का तयार गर्नुपर्दछ।

८ उम्मेदवार उपरको दावी विरोध :

दफा १७ बमोजिम प्रकाशित उम्मेदवारको नामावलीमा नाम समाबेश भएको कुनै उम्मेदवारको योग्यता सम्बन्धमा

सोही पदका ठेको कुनै पनि उम्मेदवारले उजुर गर्न चाहेमा अनुसूची १ मा उल्लेखित समयसिमा भित्र रही अनुसूची १९ बमोजिमको उम्मेदवारी उपरको दावि विरोध फारम र उजुरीमा उल्लेख गरिएका बुँदाका प्रमाण सहित निर्वाचन समितिको संयोजक समक्ष उजुरी गर्न सक्नेछ। कुनै पनि पदको उम्मेदवारले जुन पदको लागि दावि विरोध गर्ने हो सोही पदको उम्मेदवारी शुल्क बराबरको रकम अनुसूची ४९ बमोजिमको रासद काटि धरौटी राख्नु पर्ने छ। दावि विरोध सहि भएको अवस्थामा मात्र सो धरौटी रकम फिर्ता गरिने छ।

९ उम्मेदवारको उम्मेदवारी उपर दावी विरोधको सूचना प्रकाशित गर्ने :

दफा १८ बमोजिम कुनै पनि उम्मेदवारको उम्मेदवारी उपर दावि विरोधको निवेदन दर्ता हुन आएमा निर्वाचन कार्यतालिकामा उम्मेदवारको नामावलीउपर दावि विरोधको समय समाप्त भए पश्चात दावि विरोध गर्ने उम्मेदवार, उजुरी परेको उम्मेदवार, उजुरीका मुख्य बुदाहरु तथा उजुरी उपरको लिखित स्पष्टिकरण सहित उजुरी पर्ने उम्मेदवारलाई निर्वाचन समितिको कार्यालयमा उपस्थित हुने आदेश सहितको अनुसूची २० बमोजिमको सूचना निर्वाचन समितिले प्रकाशित गर्नु पर्नेछ।

१० उम्मेदवारको उम्मेदवारी उपरको दावी विरोधको छानविन :

दफा २२ बमोजिम परेको उम्मेदवारको उम्मेदवारी उपर दावि विरोधका विषय, प्रस्तुत प्रमाणको विस्तृत अध्ययन गरी उजुरी सहि भएको खण्डमा उजुरी पर्ने उम्मेदवारहरुलाई निर्वाचन कार्यालयमा छुट्टै राखी उजुरीसंग सम्बन्धीत विषयमा निर्वाचन समिति संयोजकले लिखीत स्पष्टिकरण पेश गरेको जवाफ लिनु पर्नेछ। उजुरी गर्नेले प्रस्तुत गरेका प्रमाणहरु र उजुरी पर्नेले पेश गरेको स्पष्टिकरणका आधारमा निर्वाचन समितिले उम्मेदवारी कायम गर्ने वा रद्द गर्ने भनि निर्णय गर्नुपर्दछ।

११ उम्मेदवारको दोस्रो नामावली प्रकाशन :

दफा २४ बमोजिम उम्मेदवारी उपर दावीविरोधको छानविन गरी सो सम्बन्धमा निर्णय गरेपछी निर्वाचन समितिले उम्मेदवारी खारेज गरेको खण्डमा अनुसूची २१ बमोजिमको सूचना तथा अनुसूची २२ बमोजिमको मुचुल्का गर्नु पर्दछ। उम्मेदवारको उम्मेदवारी उपरको दावी विरोध गलत भएको अवस्थामा अनुसूची २३ बमोजिमको सूचना प्रकाशित गर्नु पर्नेछ। साथै दफा १८ बमोजिम कुनै उम्मेदवार उपर दावी विरोध नपरेमा अनुसूची २४ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ।

१२ उम्मेदवारी फिर्ता :

उम्मेदवारको नामावलीमा नाम उल्लेख भएका कुनै उम्मेदवारले उम्मेदवार नहुने इच्छा गरी सो उम्मेदवारको नामावलीबाट आफ्नो नाम हटाउन चाहेमा निर्वाचन कार्यक्रममा उल्लेखित मिति र समयमा निर्वाचन समितिको कार्यालयमा अनुसूची २५ को ढाँचामा निवेदन भरी उम्मेदवारहरुको सूचीबाट आफ्नो नाम फिर्ता लिन सक्नेछन्। उम्मेदवारी फिर्ता गर्ने उम्मेदवार स्वयम निर्वाचन समितिको कार्यालयमा उपस्थित भएर उम्मेदवारी फिर्ता निवेदनको सनाखत एंव उम्मेदवारी बापत बुझाएको उम्मेदवारी शुल्क अनुसूची ५० बमोजिमको भर्पाइ गरी पराई फिर्ता गर्नुपर्ने छ। एक पटक उम्मेदवारी फिर्ताको निवेदन पेश गरिसकेपछि उम्मेदवारहरुले सो निवेदन फिर्ता लिएको वा बदर गर्न सक्नेछैनन्।

१३ उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन :

निर्वाचन कार्यक्रममा उल्लेख भए अनुसार उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन समिति संयोजकले बाँकी रहेका उम्मेदवारहरुको अन्तिम नामावली निर्धारित समयमा अनुसूची २६ बमोजिम प्रकाशन एंव अनुसूची २७ बमोजिम मुचुल्का गर्नुपर्ने छ।

नोट: